# कोशी प्रदेश सरकार

## प्रदेश योजना आयोग

विराटनगर

कोशी प्रदेश




**कोशी प्रदेश योजना आयोगका अध्यक्ष तथा माननीय मुख्यमन्त्रीज्यू समक्ष पेश गरिएको**

**आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमको**

**प्रस्तावित आधार-पत्र**

पेश गर्ने

**प्रदेश योजना आयोग**

मितिः २०८३/०२/०१

**कोशी प्रदेश सरकार**

**प्रदेश योजना आयोग**

**आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमको**

**प्रस्तावित आधार-पत्रको**

**विषय सूची**


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | पृष्ठभूमि | १ |
| २. | नीति तथा कार्यक्रमको परिचय र अन्तरसम्बन्ध | १-२ |
| ३. | आधारपत्र तर्जुमाको औचित्य | २-९ |
| ४. | आधार पत्रमा समावेश गरेका विषयगत तथा उपविषयगत क्षेत्रका प्रस्तावित नीति तथा कार्यक्रमहरू | २-३४ |
| ४.१ | आर्थिक विकास | २- |
| ४.१.१ | कृषि, पशुपन्छी तथा मत्स्य विकासः | २-४ |
| ४.१.२ | खाद्य सुरक्षा र पोषणः | ४ |
| ४.१.३ | गुठी तथा भूमि व्यवस्था | ५ |
| ४.१.४ | उद्योग, व्यापार/बाणिज्य तथा आपूर्तिः | ५-७ |
| ४.१.५ | खानी तथा खनिज सम्पदा | ७ |
| ४.१.६ | पर्यटन विकास | ७-८ |
| ४.१.७ | सहकारी | ९ |
| ४.२ | सामाजिक विकास | ९-१६ |
| ४.२.१ | जनसंख्या तथा बसाइँसराई | ९-१० |
| ४.२.२ | शिक्षा | १०-११ |
| ४.२.३ | स्वास्थ्य तथा पोषण | ११-१२ |
| ४.२.४ | खानेपानी तथा सरसफाई | १३ |
| ४.२.५ | युवा तथा खेलकुद | १३-१४ |
| ४.२.६ | लैङ्गिक समानता तथा महिला सशक्तीकरण | १४-१५ |
| ४.२.७ | बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता | १५-१६ |
| ४.२.८ | भाषा, साहित्य, कला तथा संस्कृति | १६ |
| ४.३ | पूर्वाधार क्षेत्र | १७-२४ |
| ४.३.१ | जलस्रोत | १७ |
| ४.३.२ | सिंचाई | १७-१८ |
| ४.३.३ | जलविद्युत | १८-१९ |
| ४.३.४ | सौर्य तथा अन्य नविकरणीय उर्जा | १९-२० |
| ४.३.५ | यातायात पूर्वाधार | २०-२१ |
| ४.३.६ | रज्जुमार्ग, केवलकार, हवाई तथा जल यातायात | २१-२२ |
| ४.३.७ | सूचना तथा सञ्चार प्रविधि | २२ |
| ४.३.८ | विज्ञान तथा प्रविधि | २२-२३ |
| ४.३.९ | सहरी तथा ग्रमिण विकास | २३-२४ |
| ४.४ | वन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन र विपद् व्यवस्थापन | २४-२७ |

| | | |
|---|---|---|
| ४.४.१ | वन | २४-२५ |
| ४.४.२ | वातावरण | २५-२६ |
| ४.४.३ | जैविक विविधता | २६-२७ |
| ४.४.४ | जलवायु परिवर्तन र विपद् व्यवस्थापन | २७ |
| ४.५ | संस्थागत विकास तथा अन्तरसम्बन्धित क्षेत्र | २८- |
| ४.५.१ | सङ्गठन विकास तथा व्यवस्थापन | २८-२९ |
| ४.५.२ | तथ्याङ्क प्रणाली | २९-३० |
| ४.५.३ | मानव संशाधन विकास, श्रम तथा रोजगारी र गरिवी निवारण | ३०-३१ |
| ४.५.४ | अनुसन्धान  र विकास | ३१ |
| ४.५.५ | सभा, आयोग तथा निकायहरूको क्षमता विकासः | ३१-३३ |
| ४.५.६ | नतिजामूखी योजना तर्जुमा र आयोजना बैंक प्रणालीको सुदृढीकरण | ३३-३४ |
| ४.५.७ | प्रदेश सरकारको प्रशासनिक भवन निर्माणः | ३४ |

**कोशी प्रदेश सरकार**
**प्रदेश योजना आयोग**
**आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमको**
**प्रस्तावित आधार-पत्र**

## १. पृष्ठभूमि

कोशी प्रदेश सरकार वर्तमान अवस्थामा दोस्रो आवधिक योजनाले लिएका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य बमोजिमका प्रस्तावित कार्यक्रमहरू मार्फत अघि बढी रहेको छ। कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना कार्यान्वयनमा आएको दुई वर्ष व्यतित हुन गई तेस्रो वर्ष प्रवेशको तयारीमा रहेको छ। दोस्रो आवधिक योजनाको तेस्रो वर्ष अन्तरगत कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि तर्जुमा गर्न लागेको नीति तथा कार्यक्रम प्रदेशको समग्र आर्थिक, सामाजिक तथा भौतिक विकासलाई तीव्र, समावेशी, दिगो र परिणाममुखी बनाउने उद्देश्यले तयार गर्न आवश्यक देखिएको छ। संघीय शासन प्रणाली कार्यान्वयनपछिका अनुभव, प्रदेशको भूगोल, प्राकृतिक स्रोत–साधन, जनसांख्यिक विविधता तथा विकासका विद्यमान आवश्यकता र सम्भावनालाई आधार मानी आगामी नीति तथा कार्यक्रमलाई अधिक व्यावहारिक, उत्पादनमुखी र नागरिकमैत्री बनाउनु अपरिहार्य भएको छ। कृषि, पर्यटन, उद्योग, ऊर्जा, पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा रोजगारीका क्षेत्रमा विद्यमान चुनौतीका बाबजुद प्रदेशमा उपलब्ध प्राकृतिक, सांस्कृतिक तथा आर्थिक सम्भावनाको अधिकतम उपयोगमार्फत आत्मनिर्भर र सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माण गर्ने आवश्यकता अझ प्रबल बनेको छ।

विश्वव्यापी आर्थिक उतारचढाव, जलवायु परिवर्तन, विपद् जोखिम, बढ्दो बेरोजगारी, बसाइँसराइ तथा सेवा प्रवाहमा देखिएका संरचनात्मक चुनौतीहरूले प्रदेशको विकास व्यवस्थापनलाई थप प्रभावकारी, नवप्रवर्तनमुखी र नतिजामा आधारित बनाउन आवश्यक देखिएको छ। यस सन्दर्भमा प्रदेश सरकारले सुशासन, डिजिटल रूपान्तरण, हरित विकास, निजी क्षेत्रको सहभागिता, लगानी प्रवर्द्धन तथा स्थानीय सम्भावनामा आधारित आर्थिक क्रियाकलाप विस्तारलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तर्जुमा गर्नु आवश्यक भएको छ मात्र हैन संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र साझेदारीलाई सुदृढ गर्दै दिगो विकास लक्ष्य तथा दीर्घकालीन सोचअनुरूप विकास प्रक्रियालाई अघि बढाउनुपर्ने आवश्यकता समेत रहेको छ।

यसै परिप्रेक्ष्यमा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमको आधार पत्र तयार गरिएको हो। यस आधार पत्रले प्रदेशको वर्तमान अवस्था, विकासका चुनौती तथा अवसर, क्षेत्रगत प्राथमिकता, नीतिगत सुधारका आवश्यकता, स्रोत–साधनको अवस्था तथा अपेक्षित उपलब्धिहरूको अवस्थालाई अध्ययन गरी आगामी वर्षको नीति तथा कार्यक्रमलाई तथ्यमा आधारित, कार्यान्वयनयोग्य, समन्वयात्मक र परिणाममुखी बनाउन मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ। साथै यसले सार्वजनिक लगानीको प्रभावकारिता अभिवृद्धि गर्दै उत्पादन, उत्पादकत्व, रोजगारी सिर्जना र नागरिकको जीवनस्तर सुधारमा केन्द्रित विकास ढाँचा निर्माण गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

## २. नीति तथा कार्यक्रमको परिचय र अन्तरसम्बन्धः

नीति र कार्यक्रम सार्वजनिक शासन तथा विकास व्यवस्थापनका परस्पर सम्बन्धित तर फरक अवधारणाहरू हुन्। नीति )Policy) ले सरकार वा संस्थाले हासिल गर्न खोजेको दीर्घकालीन लक्ष्य, प्राथमिकता, मार्गदर्शन तथा निर्णयको आधार तय गर्दछ भने कार्यक्रम )Program) ले ती नीतिहरूलाई कार्यान्वयन गर्न आवश्यक ठोस क्रियाकलाप, योजना, बजेट, समयसीमा र जिम्मेवारीलाई व्यवहारमा रूपान्तरण गर्दछ। समग्रमा नीति "के गर्ने र किन गर्ने" भन्ने दिशानिर्देशक आधार हो भने कार्यक्रम "कसरी गर्ने" भन्ने कार्यान्वयनात्मक माध्यम हो। यी दुईबीच घनिष्ठ अन्तरसम्बन्ध रहन्छ, किनकि प्रभावकारी नीति बिना कार्यक्रम दिशाहीन हुन सक्छ भने सक्षम कार्यक्रम बिना नीति केवल दस्तावेजमा सीमित रहन्छ। त्यसैले नीतिले कार्यक्रमलाई मार्गदर्शन गर्ने र कार्यक्रमले नीतिको उद्देश्यलाई व्यवहारमा सफल बनाउने कार्य गर्दछन्। यति मात्र हैन नीति, लगानी र नवप्रवर्तन इकोसिष्टम (Innovation Ecosystem) इकोसिष्टम बीच गहिरो अन्तरसम्बन्ध रहेको हुन्छ। स्पष्ट, स्थिर र दूरदर्शी नीतिले निजी तथा सार्वजनिक क्षेत्रको लगानीलाई आकर्षित गर्ने वातावरण निर्माण गर्दछ भने पर्याप्त लगानीले अनुसन्धान, प्रविधि विकास, उद्यमशीलता, सीप विकास तथा नवीन सोचको विस्तारमार्फत नवप्रवर्तन इकोसिष्टमलाई सशक्त बनाउँछ। त्यसैगरी सक्षम नवप्रवर्तन इकोसिष्टमले नयाँ प्रविधि, उत्पादन, सेवा र रोजगारी सिर्जना गरी आर्थिक वृद्धि, उत्पादकत्व वृद्धि तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा योगदान पुऱ्याउँछ, जसले पुनः प्रभावकारी नीति निर्माण र थप लगानी प्रवाहका लागि आधार तयार

उपाध्यक्ष

गर्दछ । त्यसैले नीति दिशानिर्देशक आधार, लगानी स्रोत तथा ऊर्जा र नवप्रवर्तन इकोसिष्टम दिगो आर्थिक तथा सामाजिक रूपान्तरणको उत्प्रेरक तत्वका रूपमा परस्पर पूरक र अन्तरनिर्भर रहेका छन् ।

### ३. आधारपत्र तर्जुमाको औचित्य

नीति तथा कार्यक्रमको आधारपत्र तर्जुमा गर्नुको प्रमुख औचित्य भनेको प्रस्तावित नीति वा कार्यक्रमलाई तथ्य, आवश्यकता र यथार्थ परिस्थितिमा आधारित बनाई प्रभावकारी, कार्यान्वयनयोग्य तथा परिणाममुखी बनाउनु हो । आधारपत्रले विद्यमान समस्या, चुनौती, अवसर, कानुनी तथा संस्थागत व्यवस्था, उपलब्ध स्रोत–साधन र सरोकारवालाको अपेक्षाको समग्र विश्लेषण प्रस्तुत गरी नीति निर्माणका लागि स्पष्ट दिशाबोध गराउँछ । यसले नीति तथा कार्यक्रम तर्जुमामा वैज्ञानिक आधार सिर्जना गर्नुका साथै प्राथमिकता निर्धारण, स्रोत व्यवस्थापन तथा कार्यान्वयन रणनीति तय गर्न सहयोग पुऱ्याउँछ । साथै हचुवाको भरमा नीति निर्माण हुने प्रवृत्तिलाई न्यूनीकरण गरी प्रमाणमा आधारित निर्णय प्रक्रियालाई सुदृढ बनाउने कार्य गर्दछ ।

आधारपत्रले नीति तथा कार्यक्रमबीच समन्वय कायम गर्न, दोहोरोपन तथा स्रोतको अपव्यय रोक्न, र अपेक्षित नतिजा प्राप्तिका लागि स्पष्ट कार्यदिशा तय गर्न महत्वपूर्ण भूमिका खेल्दछ । यसमार्फत सम्भावित जोखिम, चुनौती तथा प्रभावहरूको पूर्वानुमान गरी सुधारात्मक उपायहरू पहिचान गर्न सकिन्छ, जसले कार्यान्वयन प्रक्रियालाई थप व्यवस्थित र उत्तरदायी बनाउँछ । साथै संघ, प्रदेश र स्थानीय तहका योजना तथा दीर्घकालीन विकास लक्ष्यसँग सामञ्जस्य कायम गर्दै दिगो विकास, सुशासन र जनअपेक्षा अनुरूपका नीति तथा कार्यक्रम निर्माणका लागि आधारपत्र एक महत्वपूर्ण प्रारम्भिक दस्तावेजका रूपमा आवश्यक मानिन्छ । तथ्याङ्क, अध्ययन प्रतिवेदन, अन्तर्राष्ट्रिय अभ्यास तथा प्रदेश/स्थानीय सन्दर्भसमेत समेट्दा आधार पत्र अझ विश्वसनीय र प्रभावकारी बन्ने भएकाले कोशी प्रदेश सरकारले विगत वर्षहरूमा अवलम्बन गरेका नीति तथा कार्यक्रमहरू, उक्त नीति तथा कार्यक्रमहरूबाट हालसम्म प्राप्त गरेका उपलब्धिहरू, कोशी प्रदेश सरकारका प्रथम तथा दोस्रो आवधिक योजनाले दिशा निर्देश गरेका मार्गदर्शनहरू र नीति तथा कार्यक्रम बीचको तादत्म्यता, नीति र कार्यक्रम बीचको अन्तर तथा भावि कार्यदिशालाई लिएर कोशी प्रदेश योजना आयोगले सञ्चालन गरेको प्रदेश स्तरीय सरोकारवालाहरू सँगको २ दने नीति अन्तरसम्बाद कार्यशाला गोष्ठीमा व्यक्त गरेका बिचार र भावना सहितको प्रतिवेदन समेतलाई केन्द्रमा राखी कोशी प्रदेश सरकारले आगामि वर्ष २०८३/८४ का लागि लिनु पर्ने नीति र तीनमा आधारित कार्यक्रमहरूको विषयग तथा उपविषयगत क्षेत्रका आधारहरू देहाय बमोजिम प्रस्ताव गरिएको छ ।

### ४. आधार पत्रमा समावेश गरेका विषयगत तथा उपविषयगत क्षेत्रका प्रस्तावित नीति तथा कार्यक्रमहरू

## ४.१ आर्थिक विकासः

#### ४.१.१ कृषि, पशुपन्छी तथा मत्स्य विकासः

कोशी प्रदेशको कृषि, पशुपन्छी र मत्स्यपालनलाई व्यवसायीकरण गर्दै आर्थिक विकासको मेरुदण्ड बनाउन अनिवार्य छ । कृषि, पशुपन्छी र मत्स्यपालनको वास्तविक व्यवसायीकरणका लागि पूँजी, प्रविधि, बजार र संस्थागत सुधार समेतका संरचनाको समन्वय समेतका कार्य एकैसाथ अघि बढाउनु पर्दछ । कोशी प्रदेश सरकारले कृषि, पशुपन्छी र मत्स्यपालनलाई यथार्थमा आर्थिक विकासको मेरुदण्डको रुपमा स्थापित गरी यसको विकास र प्रवर्द्धनका लागि देहय बमोजिमका नीति तथा कार्यक्रमहरू सन्चालन गरिनेछ ।

१. **उत्पादनमा आधुनिकीकरण तथा प्रविधिमैं त्री कृषि प्रणालीको विकास र प्रवर्द्धनः**
   कृषि तथा पशुपालनलाई परम्परागत अवस्थाबाट आधुनिक, उत्पादक र प्रतिस्पर्धी बनाएर उत्पादन वृद्धि, लागत घट्ने, र गुणस्तरीय उत्पादनको सुनिश्चितताका लागि माटोको गुणस्तर सुधार, उन्नत बीउ, नस्ल सुधार (Breed Improvement), मेसिनरी (Mechanization) को व्यापक प्रयोग; सिंचाई पूर्वाधार (Micro-Irrigation, Drip, Sprinkler) को विस्तार; स्मार्ट कृषि (Precision Farming, ICT-Based Advisory) प्रणालीको विकास; कृषि अनुसन्धान केन्द्रहरू र विश्वविद्यालयसँग सहकार्य गरी स्थानीय अनुकूल प्रविधि विकास र जलवायु परिवर्तन अनुकूल (Climate-Resilient) खेती प्रणाली प्रवर्द्धन जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. **कृषि मूल्य श्रृंखला तथा बजारको सुनिश्चितता:**

किसानको आम्दानी वृद्धि र बजारमा स्थायित्व कायम गर्न उत्पादन मात्र नभई बजार व्यवस्थापन नै व्यवसायीकरणको केन्द्र भएकोले उत्पादन देखि बजार सम्मको (Production to Market) दृष्टिकोण अन्तरगत उत्पादन, संग्रह, प्रशोधन, ब्रान्डिङ र बजारसम्म एकीकृत प्रणालीको विकास; कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण; चिस्यान केन्द्र (Cold Storage) को स्तरीकरण, गोदाम, तथा प्रशोधन उद्योग स्थापना; किसान र उद्योगबीच करार खेती प्रणाली (Contract Farming System) को प्रवर्द्धन; डिजिटल बजार प्लेटफर्म र कृषि हाटबजारको सुदृढीकरण साथै चिया, अलैंची, कफी, केशर, जडिबुटी, अदुवा, सुपारी लगायतका उच्च मूल्यका सम्भाव्य कृषिजन्य तथा छुर्पी लगायतका दुग्धजन्य निर्यातयोग्य वस्तु को उत्पादन तथा मान्यता प्राप्त प्रयोगशालाको स्थापना र विकास गरी स्वदेशमानै अन्तराष्ट्रिय मापदण्ड बमोजिमको गुणस्तर परिक्षण मार्फत गुणस्तरको सुनिश्चितता, ब्रान्डिङ तथा हार्मोनिक कोडमा एकरुपता कायम गरी अन्तर्राष्ट्रिय बजार पहुँच दिगो रुपमा स्थापित गरिनेछ।

३. **कृषि वित्त, बीमा तथा उद्यमशीलता प्रवर्द्धन:**

कृषि क्षेत्रमा लगानी वृद्धि, जोखिम न्यूनीकरण, युवा आकर्षण र व्यवसायीकरणका लागि वित्तीय पहुँच र जोखिम व्यवस्थापन लाई प्रभावकारी बनाउन सहुलियतपूर्ण कृषि ऋण (Low-Interest Loans) र स्टार्टअप अनुदान; कृषि बीमा (Crop & Livestock Insurance) लाई अनिवार्य तथा सहज बनाउने; राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सफलता प्राप्त गरेका युवा लक्षित कृषि-उद्यमशीलता कार्यक्रम (Agri-Entrepreneurship Program) सन्चालन; सहकारी तथा कृषक समूहमार्फत सामूहिक लगानी र उत्पादन तथा निजी क्षेत्रलाई आकर्षित गर्न सार्वजनिक निजी साझेदारी (Public-Private Partnership -PPP) मोडल जस्ता कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याइनेछ।

४. **संस्थागत सुदृढीकरण तथा क्षेत्रगत विशेषीकरण/क्षेत्रीकरण (Zoning):**

स्रोतको सही उपयोग, क्षेत्र अनुसार उच्च उत्पादन र दक्षता अभिबृद्धिलाई प्रभावकारी बनाउन संस्थागत र भौगोलिक रणनीति अन्तर्गत जिल्लागत/भौगोलिक आधारमा एक जिल्ला एक उत्पादन (One District One Product-ODOP) अवधारणा व्यवहारमा लागू; कृषि तथा पशुपालनका लागि विशेष क्षेत्र (Agri-Zones and Livestock Zones) निर्धारण; प्राविधिक जनशक्ति (Extension Workers, Veterinarians) को को व्यवस्थापन र सुदृढीकरण; स्थानीय तह, प्रदेश र संघबीच समन्वयकारी संरचना र GIS म्यापिङ सहितको कृषि तथ्यांक प्रणालीको विकासका साथमा तथ्यपरक तथ्याङ्कमा आधारित योजना तर्जुमा र दिगो योजनामा आधारित कार्यक्रम सन्चालन गरिनेछ।

५. **एकीकृत व्यावसायिक मत्स्य विकास तथा मूल्य शृंखला सुदृढीकरण:**

एकीकृत मत्स्य उत्पादन क्लस्टर कार्यक्रम (Fish Cluster Program) अन्तर्गत मत्स्य क्लस्टर क्षेत्र निर्धारण गरी तराई (मोरङ, सुनसरी, झापा) मा व्यावसायिक पोखरीमा आधारित उत्पादन; पहाडी क्षेत्रमा ट्राउट (Trout) माछा प्रवर्द्धन र नदी/जलाशयमा केज कल्चर (Cage Fish Farming) जस्ता कार्यक्रम सन्चालन गरिने छ। व्यवसायिक उत्पादन मार्फत कोशी प्रदेशलाई माछा उत्पादन र उपभोगमा आत्मनिर्भरताको दिगो व्यवस्थापन र निकासी प्रवर्द्धनका लागि सहकारी वा समूहमा आधारित उत्पादन र चिस्यान केन्द्र सहितको संरक्षणको प्रवन्ध सहितको मत्स्य उद्यमशीलता कार्यक्रम (Fish Entrepreneurship Program) मार्फत नयाँ पोखरी निर्माणमा अनुदान, माछा भुरा (Fingerlings) र दाना (Feed) मा सहुलियत, उन्नत प्रविधि (Biofloc, RAS System) प्रवर्द्धन, रोग निदान प्रयोगशाला स्थापना, प्राकृतिक विपत्ति तथा रोग नियन्त्रणका लागि मत्स्य बीमा, ब्रान्डिङ, माछा संकलन तथा वितरण केन्द्र (Fish Collection & Distribution Center) को स्थापना, बैंक तथा सहकारीसँग साझेदारी सहितको सहुलियत ब्याजदरमा ऋण (Fishery Credit Scheme), जग्गा, तालिम, प्राविधिक सहयोग, अनुदान समेत एकै ठाउँबाट उपलब्ध हुने गरी एक द्वार (Single Window) सेवा प्रणाली सहितको डिजिटल प्लेटफर्ममार्फत किसान दर्ता र सेवा पहुँचको सुनिश्चितता; सुनसरी जिल्लाको भान्टावारी देखी मधुवन सम्म कोशी तटवन्ध पूर्वको सिमसार क्षेत्रलाइ मत्स्य कोरिडोर (



उपाध्यक्ष

Fish corridor) को रुपमा विकास गर्न सम्भव्यता अध्ययन गरी समुह/सहकारी माध्यम वाट माछापालन गर्न प्रोत्साहन सहित उत्पादन देखि बजारसम्म पूर्ण चक्र (End-to-End) समेट्ने गरी मत्स्य पालनलाई व्यवस्थित र प्रभावकारी बनाइने ।

६. **एकीकृत लिज खेती प्रणाली**

युवा श्रम शक्ति पलायनका कारण खेतीयोग्य जमीनवाट हुँने उत्पादन र उत्पादकत्व ह्रास भैरहेको विद्यमान अवस्थालाई ध्यानमा राखी परम्परागत खेती प्रणालीवाट आधुनिक कृषि प्रणालीमा रुपान्तरण गर्न निश्चित भौगोलिक सीमानामा प्लट मिल्ने विभिन्न किसानहरूका जग्गा लिज वा भाडामा लिइ समुह/सहकारीहरूले एकीकृत कृषि व्यवसाय गर्न चाहेमा प्रदेश सरकारले पूर्वाधार निर्माण, प्राविधिक सहयोग, मल, विउ, सिचाइ सुविधा र यान्त्रिकीकरण का लागि आवश्यक सहयोग उपलव्ध गराउनेछ ।

### ४.१.२ खाद्य सुरक्षा र पोषणः

कोशी प्रदेशमा दिगो खाद्य प्रणाली (Sustainable Food System) निर्माण गरी खाद्य सुरक्षा र पोषण सुधारलाई प्रभावकारी बनाउन निम्न बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१. **पोषण–संवेदनशील कृषि प्रवर्द्धनः**

पोषणखेती पहल- (Nutri Farming Initiative) मार्फत स्थानीय उत्पादन बढाएर कुपोषण घटाउन र परिवार स्तरमैं पोषण सुधार हुने अवस्थाको सिर्जना गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई स्थानीय तहसँगको समन्वय र साझेदारीमा प्रभावकारी सन्चालन व्यवस्थापन; पोषणयुक्त बाली (दाल, सागसब्जी, फलफूल, अण्डा, दूध) उत्पादनमा प्रोत्साहन; घरबारी (Kitchen Garden) र विद्यालय पोषण बगैंचा विस्तार; जैविक तथा बिभिधीकृत खेती प्रणाली (Crop Diversification) र स्थानीय स्तरमा पोषण स्मार्ट किसानहरू (Nutrition Smart Farmers) विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

२. **खाद्य सुरक्षा तथा रणनीतिक भण्डारणः**

खाद्यान्न अभाव र मूल्य अस्थिरता नियन्त्रण गरी संकटको अवस्थामा समेत आपूर्तिको सुनिश्चित (विशेष गरी हिमाली र पहाडी जिल्लाका दुर्गम वस्ती लक्षित) गर्ने गरी खाद्य बफर स्टक र वितरण कार्यक्रम (Food Buffer Stock & Distribution Program) अन्तरगत चामल, मकै, गहुँ लगायत मुख्य खाद्यान्नको बफर स्टक (Buffer Stock) दुर्गम क्षेत्रमा खाद्य सुरक्षा डिपोहरू (Food Security Depots) स्थापना; विपद् तथा संकट अवस्थामा छिटो वितरण प्रणाली र सहकारीमार्फत सस्तो र सुलभ खाद्यान्न वितरणको प्रवन्ध गरिनेछ ।

३. **लक्षित पोषण सुधार तथा जनचेतनाः**

जनचेतना र स्वस्थ खानपान बानीको विकास गरी बाल कुपोषण (Stunting, Wasting) मा कमी ल्याउन गर्भवती महिला, सुत्केरी र बालबालिकाका लागि पोषण प्याकेज; विद्यालय खाजा (Mid-Day Meal Program); पोषण शिक्षा, व्यवहार परिवर्तन अभियान (BCC Campaign) समेत सन्चालन गर्ने गरी स्थानीय तह, स्वास्थ्य संस्था र विद्यालयहरूसँग समन्वय र सहकार्य विस्तार गरी प्रभावकारी बनाइनेछ ।

४. **कृषि मूल्य शृंखला तथा बजार पहुँच सुदृढीकरणः**

पोषणयुक्त खाद्यको उपलब्धता र पहुँच वृद्धिका माध्यमबाट किसानको आम्दानी वृद्धि र दिगो व्यवस्थापन गर्ने गरी फार्म मार्केट-टु-पोषण आपूर्ति श्रृंखला **(Farm-to-Market Nutrition Supply Chain)** मार्फत उत्पादनदेखि बजारसम्म कोल्ड चेन र रसद (Cold Chain and Logistics) विकास; किसानलाई बजार बजार सँग प्रत्यक्ष जोड्ने करार खेती, ईबजार- (Contract Farming, e-Market); स्थानीय उत्पादनको ब्रान्डिङ (जस्तै -Koshi Organic/Nutri Food) **र** खाद्य प्रशोधन उद्योगहरूको स्थापना, विकास र प्रवर्द्धन जस्ता कार्यक्रमलाई स्थान विशेषको आधारमा प्रभावकारी बनाइनेछ ।

### ४.१.३ गुठी तथा भूमि व्यवस्था

कोशी प्रदेशमा दिगो, व्यवस्थित र पारदर्शी भूमि शासन प्रणाली निर्माणका लागि अभिलेख (Record), संरक्षण (Guthi), योजना (Land Use) र उपयोग (Investment) प्रणालीलाई एकीकृत रूपमा सम्बोधन हुने गरी गुठी तथा भूमि व्यवस्थापनलाई पारदर्शी, दिगो र उत्पादनमुखी बनाउन देहाय बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

१. **डिजिटल भूमि अभिलेख तथा एकीकृत क्याडास्ट्रे:**

भूमि प्रशासनमा पारदर्शिताको सुनिश्चितता गरी छिटो सेवा प्रदान गर्न, जग्गा सम्बन्धी विवादमा कमी ल्याउन र भूमिको वर्गिकरण, भू-उपयोग नीति र योजना समेतका आधारमा भूमिको सहि सदुपयोग गर्न डिजिटल भूमि अभिलेख र GIS म्यापिङ कार्यक्रम (Digital Land Record & GIS Mapping Program) अन्तर्गत सबै जग्गाको डिजिटल अभिलेखीकरण (Land Digitization); GIS मा आधारित नक्सा प्रणाली (भू-उपयोग वर्गीकरण सहित); जग्गा दर्ता, नामसारी, नक्सा प्राप्ति जस्ता कार्यलाई अनलाइन सेवा र भूमि विवाद न्यूनीकरणका लागि पारदर्शी सूचना प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

२. **गुठी सम्पत्ति संरक्षण तथा उपयोग सुदृढीकरण**

गुठी सम्पत्तिको दुरुपयोग नियन्त्रण गर्न र सांस्कृतिक सम्पदा संरक्षण सँगै गुठी सुधार तथा दिगो उपयोग कार्यक्रम (Guthi Reform & Sustainable Utilization Program) अन्तर्गत आय सिर्जना गरी रोजगारमूलक बनाउन गुठी सम्पत्तिको अद्यावधिक लगत (Inventory) तयार गर्ने; धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण गर्ने; कृषि, पर्यटन जस्ता उत्पादनमूलक कार्यमा गुठी जग्गाको प्रयोग गर्ने तथा गुठी व्यवस्थापनमा समुदाय र स्थानीय तहको सहभागिता सुनिश्चित गर्ने कार्यहरूलाई प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ।

३. **वैज्ञानिक भू–उपयोग तथा भूमि समेकन:**

कृषि उत्पादनमा वृद्धि र योजनाबद्ध सहरी तथा ग्रामीण विकासमा योगदान पुग्ने गरी भूमि उपयोग योजना र समेकन कार्यक्रम (Land Use Planning & Consolidation Program) अन्तरगत भू-उपयोग नक्सा (Agriculture, Residential, Industrial zoning) ; खेतीयोग्य जमिनको संरक्षण जग्गाको खण्डीकरण रोक्ने; जग्गा एकीकरणसमेकन/ (Land Pooling/Consolidation) मार्फत सानो टुक्रा एकीकरण गर्ने तथा बाँझो जमिनको उपयोग (Productive Land Utilization) गर्ने जस्ता कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ।

४. **भूमि बैंक तथा सहजीकरण सेवा:**

लगानी आकर्षण र रोजगारी सिर्जना हुने गरी भूमिको अधिकतम र दिगो उपयोग गर्न भूमि बैंक र लगानी सहजीकरण कार्यक्रम (Land Bank & Investment Facilitation Program) मार्फत उपयोगविहीन/सरकारी जग्गाको भूमि बैंक (Land Bank) स्थापना; उद्योग, कृषि, पूर्वाधार परियोजनाका लागि जग्गा उपलब्ध गराउने; लगानीकर्ताका लागि एकल द्वार भूमि सेवा (Single Window Land Service) उपलब्ध गराउन तथा सार्वजनिक–निजी-साझेदारी (PPP) मार्फत भूमिको पर्याप्त उपयोग गरिने छ।

५. **मानव वन्यजन्तु सहअस्तित्व संरक्षण अभियान:**

कोशी प्रदेशको तराइ क्षेत्रका केहि स्थानहरूमा जङ्गली हात्ती र पहाडी क्षेत्रमा बाँदार लगायतका वन्य जन्तुहरूको आक्रमणका कारण भइरहेको कृषिबालीहरूको क्षति न्युनिकरणका लागि वन्यजन्तु नियन्त्रणका लागि स्थानीय तहहरूको सहकार्यमा वातावरणीय र परिस्थितिकीय प्रणाली अनुकुल हुने गरी समाधानका उपयहरूको खोजी गरी कार्यान्वयनमा ल्याइनेछ।

### ४.१.४ उद्योग, व्यापार/बाणिज्य तथा आपूर्ति:

उद्योग, व्यापार र व्यवसाय क्षेत्रलाई प्रदेशको आर्थिक समृद्धिको मुख्य सम्वाहक बनाउन केवल उद्योग खोल्ने मात्र नभई सम्बन्धित क्षेत्रको सुदृढीकरणका लागि नीतिगत सुधार, पूर्वाधार विकास, बजार व्यवस्थापन र नवप्रवर्तनको समन्वय अनिवार्य रहन्छ। उद्योग, व्यापार तथा व्यवसायको दिगो विकास र स्थायित्वका लागि आवश्यक नियम, पूर्वाधार, पूँजी, बजार र सुशासनको एकाकार समन्वय स्थापित हुनेगरी देहाय बमोजिमका नीति तथा कार्यक्रम अवलम्बन गरिनेछ।



उपाध्यक्ष

१. **उद्योगमैं त्री वातावरण तथा नियामकीय सुधार:**

नयाँ उद्योग स्थापनामा वृद्धि तथा लगानी आकर्षणलाई प्रभावकारी बनाउन व्यवसाय सुरु र सन्चालनलाई सहज र व्यवस्थित गर्ने गरी एक द्वार प्रणाली (**Single Window System**) मार्फत दर्ता, अनुमतिपत्र र नवीकरण प्रक्रिया सरल र डिजिटल बनाउने; अनावश्यक कानुनी झन्झट, दोहोरो कर तथा अनुमति प्रक्रियामा कटौती; उद्योगमैं त्री कानुन (Industrial Friendly Laws) र छिटो विवाद समाधान संयन्त्र (Fast Track Dispute Resolution) र लगानीकर्ताका लागि स्पष्ट, स्थिर र पारदर्शीता, नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।

२. **औद्योगिक पूर्वाधार तथा क्लस्टर विकास:**

उत्पादन लागत घटाउने र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने गरी उद्योगको विकासका लागि स्थानीय तहको सहयोग र साझेदारीमा औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन साथै सम्भाव्य क्षेत्रको पहिचानका आधारमा औद्योगिक क्षेत्रको घोषणा तथा भौतिक पूर्वाधार सहितका आधारहरू तयार पार्ने औद्योगिक क्षेत्र (Industrial Estates), विशेष आर्थिक क्षेत्र (SEZ) र व्यापारिक हबहरूको विकास; सडक, विद्युत, पानी, ICT जस्ता आधारभूत पूर्वाधारको सुनिश्चितता; उद्योग समूह विकास (Cluster Development) जस्तै: विराटनगरमा उत्पादन क्लस्टर, इलाममा चिया उद्योग क्लस्टर साथै अन्य उपयुक्त स्थान र क्षेत्रको पहिचान गरी कफी क्लष्टर तथा साना तथा मझौला उद्योग (SMEs) का लागि साझा सेवा केन्द्र (Common Facility Centers) को व्यवस्था गरिनेछ।

३. **व्यापार प्रवर्द्धन, निर्यात विस्तार तथा बजार विविधीकरण:**

निर्यात वृद्धि, व्यापार सन्तुलन सुधार र स्थानीय उत्पादनलाई बजारसँग जोड्नेका लागि "मेरो देश, मैरै उत्पादन" अन्तरग "कोशीमा बनाउनुहोस्, जताततै बेच्नुहोस्" (Make in Koshi, Sell Everywhere) अभियान सन्चालन; निर्यातमुखी उद्योगलाई प्रोत्साहन (कर छुट, अनुदान, सहजीकरण); सीमा नाका (Border Points) मा व्यापार सहजीकरण र भन्सार प्रक्रिया सरलीकरण; अन्तरप्रदेश र अन्तर्राष्ट्रिय बजारसँग नेटवर्क विस्तार र ब्रान्डिङ, प्याकेजिङ र गुणस्तर प्रमाणीकरण (Certification) मा सहयोग पुग्ने व्यवस्था तथा नीजि क्षेत्रको सहयोग र साझेदारीमा प्रदर्शनी केन्द्रको स्थापना र पूर्वाधार निर्माणलाई सार्थक बनाइनुको साथै आवश्यकताका आधारमा संघीय सरकार र स्थानीय तहहरूसँग समेत समन्वय, सहकार्य र साझेदारी समेत गरिनेछ।

४. **उद्यमशीलता, वित्तीय पहुँच तथा नवप्रवर्तन:**

रोजगारी सिर्जना, नयाँ व्यवसाय वृद्धि, आर्थिक गतिशीलताका लागि नयाँ व्यवसाय र नवप्रवर्तनलाई प्रोत्साहन गर्न स्टार्टअप तथा नवप्रवर्तन केन्द्र (Innovation Hubs, Incubation Centers) स्थापना; सहुलियत ऋण, भेन्चर क्यापिटल र बीउ कोष (Seed Funding) को व्यवस्था; युवा तथा महिला लक्षित उद्यमशीलता कार्यक्रम; सीप विकास (Skill Development) र प्राविधिक तालिम साथै डिजिटल व्यवसाय (E-commerce, Fintech) को स्थापना, विकास र प्रवर्द्धन गरिनेछ।

५. **"एकीकृत आपूर्ति शृंखला सुदृढीकरण तथा बजार स्थिरता:**

अत्यावश्यक वस्तुहरूको निरन्तर, सहज र सुलभ आपूर्ति सुनिश्चित गर्न; कृत्रिम अभाव, कालोबजारी तथा मूल्य अस्थिरता नियन्त्रण गर्न; उत्पादनदेखि उपभोक्तासम्मको आपूर्ति प्रणालीलाई पारदर्शी र प्रभावकारी बनाउन तथा प्रदेशलाई "Supply Secure Region" को रूपमा विकास गरी कोशी प्रदेशको समग्र आपूर्ति व्यवस्थालाई दिगो, भरपर्दो र विश्वासिलो बनाउन "Smart Supply Chain & Buffer Stock Program" को अवधारणा बमोजिम चामल, दाल, नुन, तेल, ग्यास, औषधी लगायतका आधारभूत र अत्यावस्यक वस्तुहरूको रणनीतिक भण्डारण; प्रदेश स्तरमा "Emergency Food & Essential Goods Reserve Center" स्थापना; विपद्/संकटकालमा तुरुन्त आपूर्ति सुनिश्चितता; उत्पादन, ढुवानी, भण्डारण र बिक्रीको Real-Time Tracking; QR Code वा ERP आधारित प्रणालीमार्फत पारदर्शिता; उपभोक्ताले मूल्य र उपलब्धता मोबाइलबाट हेर्न सक्ने व्यवस्था; उत्पादक, व्यापारी, ढुवानीकर्ता र सरकारी निकायबीच समन्वय; प्रदेशस्तरीय Supply Management Center र मुख्य सडक करिडोरमा Logistics Hub स्थापना; सन्चालनमा आउन नसकेका चिस्यान केन्द्रहरूको सन्चालन तथा स्थानान्तरण सहितको चिस्यान (Cold Chain) प्रणाली विस्तार (फलफूल, तरकारी, औषधी); दुर्गम क्षेत्रमा Subsidized



उपाध्यक्ष

Transport System; नियमित बजार निरीक्षण (Market Monitoring Taskforce); मूल्य निर्धारणमा पारदर्शिता; कृत्रिम अभाव र कालोबजारी गर्नेलाई कडा कारबाही; सहकारीमार्फत ग्रामीण क्षेत्रमा आपूर्ति विस्तार; विपद् व्यवस्थापनसँग जोडिएको आपूर्ति योजना; द्रुत प्रतिक्रिया आपूर्ति टोली (Rapid Response Supply Team) गठन र आपतकालीन आपूर्ति पुनःस्थापना जस्ता आधारभूत कार्यक्रमहरू सन्चालन गरिनेछ।

**४.१.५ खानी तथा खनिज सम्पदाः**

अन्वेषण (Exploration), वातावरण संरक्षण, उद्योग मार्फत Value Addition र सुशासन लाई एकीकृत रूपमा समेट्दै संघीय सरकार र सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कोशी प्रदेशमा दिगो खानिज अर्थतन्त्र (Sustainable Mining Economy) निर्माण गर्न खानी तथा खनिज सम्पदालाई दिगो, पारदर्शी र आर्थिक रूपमा उत्पादनमुखी बनाउने गरी प्रमुख रुपमा देहाय बमोजिमका नीति तथा कार्यक्रम सन्चालन गरिनेछन्।

१. **वैज्ञानिक अन्वेषण तथा खानी नक्साङ्कनः**

खनिज स्रोतको स्पष्ट पहिचान र लगानी आकर्षणका लागि विश्वसनीय तथ्याङ्क समेत उपलब्धताको सुनिश्चितता हुने गरी भूगर्भीय सर्वेक्षण र खनिज नक्साङ्कन कार्यक्रम (Geological Survey & Mineral Mapping Program) अन्तर्गत प्रदेशभरि खनिज स्रोतको वैज्ञानिक अध्ययन (Geological Survey); GIS आधारित खानी नक्साङ्कन (Mineral Resource Mapping); खनिज डाटाबेस (Digital Mineral Information System) निर्माणका लागि विश्वविद्यालय तथा अनुसन्धान संस्थासँग सहकार्य गरिनेछ।

२. **दिगो उत्खनन तथा वातावरणीय संरक्षणः**

संघीय सरकार तथा स्थानीय तहसमेतको समन्वय र साझेदारीमा दीर्घकालीन स्रोत संरक्षण र वातावरणीय क्षति न्यूनीकरण समेतको सुनिश्चितता हुने गरी दिगो खानी र वातावरणीय सुरक्षा कार्यक्रम (Sustainable Mining & Environmental Safeguard Program) अन्तर्गत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) लाई अनिवार्य गर्ने; उत्खननपछि पुनर्वास र पुनर्निर्माण योजना (Rehabilitation & Reclamation Plan) कार्यान्वयनमा ल्याउने; ढुंगा, बालुवा, गिट्टी जस्ता नदीजन्य पदार्थ को वैज्ञानिक उत्खनन गरी स्रोतको सहि सदुपयोग गर्ने; अवैध खानी उत्खनन्मा नियन्त्रणका लागि कडा अनुगमन प्रणालीको प्रवन्ध गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

३. **खनिज मूल्य अभिवृद्धि तथा उद्योग प्रवर्द्धनः**

प्रदेशको औद्योगिक विकासमा टेवा पुग्ने र रोजगारी सिर्जना र आय वृद्धिमा यथेष्ठ योगदान पुग्ने गरी "Mineral Processing & Value Addition Program" अन्तर्गत कच्चा खनिज निर्यात रोक्दै प्रशोधन उद्योग (Processing Industries) स्थापना; सिमेन्ट, फलाम, ढुंगा आधारित उद्योग प्रवर्द्धन; औद्योगिक क्षेत्रसँग खानी क्षेत्रको एकीकरण (Mine-to-Industry Linkage) तथा सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमार्फत लगानी आकर्षण गर्ने कार्यलाई प्रभावकारी रुपमा सन्चालन गरिनेछ।

४. **पारदर्शी लाइसेन्सिङ, राजस्व व्यवस्थापन तथा समुदायको सहभागिताः**

सुशासनको पूर्ण प्रत्याभूतिका साथमा भ्रष्टाचार नियन्त्रण र राजस्व वृद्धि तथा स्थानीय समुदायको स्वामित्व र समर्थन वृद्धि हुने गरी पारदर्शी इजाजतपत्र र सामुदायिक लाभ कार्यक्रम (Transparent Licensing & Community Benefit Program) अन्तर्गत ईबिडिङ- (E-bidding) प्रणालीमार्फत खानी इजाजतपत्र वितरण; रोयल्टी तथा कर संकलनमा डिजिटल प्रणाली; स्थानीय समुदायलाई लाभांश (Benefit Sharing Mechanism) र सामाजिक उत्तरदायित्व (CSR) कार्यक्रमहरू अनिवार्य सन्चालनमा ल्याइनेछ।

**४.१.६ पर्यटन विकासः**

पर्यटनलाई कोशी प्रदेशको आर्थिक विकासको "ईन्जिन" बनाउन केवल आकर्षक स्थान हुनु पर्याप्त नहुने तथ्यलाई केन्द्रमा राखी पहुँच, सेवा, ब्रान्डिङ र स्थानीय सहभागिता एकसाथ बलियो बनाउन विद्यमान पहलकदमी पर्याप्त नभएको तथ्यलाई मध्यनजर गर्दै पर्यटन

विकास गुरु योजनाका साथमा पूर्वाधार, उत्पादन, सेवा, ब्रान्डिङ र दिगोपन को समन्वित कार्यान्वयन अनिवार्य हुन्छ । तसर्थ कोशी प्रदेश सरकारले आ.व. २०८३/८४ को मध्य सम्ममा पर्यटन विकास गुरु योजना तर्जुमाको कार्य सम्पन्न गरी पर्यटनलाई रोजगारी, आम्दानी र प्रदेश विकासको बलियो आधार बनाउन देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

१. **पर्यटन पूर्वाधार तथा पहुँच (Connectivity) विकास:**

पर्यटक आगमन वृद्धि र यात्रा अनुभव सुधारका लागि सजिलो पहुँच स्थापित गर्न प्रमुख पर्यटकीय गन्तव्यसम्म सडक, हवाई र पदमार्ग (Trail) को स्तरोन्नति; विमानस्थल, बसपार्क, सूचना केन्द्र, पार्किङ, शौचालय, signage जस्ता आधारभूत सुविधा विस्तार; हिमाली र पहाडी क्षेत्रमा सुरक्षित ट्रेकिङ र रेस्क्यु प्रणाली (Rescue & Safety System) विकास र डिजिटल कनेक्टिभिटी (WiFi, सूचना एप) विस्तार गरिनेछ ।

२. **पर्यटन उत्पादन विविधीकरण तथा गन्तव्य विकास**

बसाइ अवधि वृद्धि र आय स्रोत विविधीकरणका लागि बहुआयामिक पर्यटन विकास गर्न अनिवार्य छ । बहुआयामिक पर्यटन विकास प्रकृतिमा आधारित (Eco-Tourism), साहसिक (Adventure), धार्मिक (Pilgrimage), सांस्कृतिक (Cultural) पर्यटनको विकास; गन्तव्य विकास मोडेल (Destination Development Model) अनुसार विशिष्ट गन्तव्य को ब्रान्डिङ; होमस्टे, ग्रामीण पर्यटन (Rural Tourism) र समुदायमा आधारित पर्यटन प्रवर्द्धन तथा वार्षिक पर्यटन उत्सव, मेला तथा कार्यक्रमहरूको आयोजना समेतका कार्यहरूलाई समयानुकुल आधुनिक र बैज्ञानिक रुपमा सन्चालन गरिनुको साथै पितृभूमी तथा मातृभूमीको सम्झनामा नेपाल आउन चाहाने विदेशमा वस्ने नपाली तथा नेपालीमूलका नागरिकहरूलाई लक्षित गरी **"कोशी प्रदेश पर्यटन गन्तव्य उपहार"** कार्यक्रम मार्फत विशेष सहुलितको व्यवस्था मिलाइनेछ ।

३. **सेवा गुणस्तर, मानव स्रोत तथा लगानी प्रवर्द्धन:**

उच्च गुणस्तरको सेवा र पुनःआगमन (Repeat Tourism) वृद्धिका लागि पर्यटन सेवाको गुणस्तरीयता नै दीर्घकालीन सफलता भएकाले यसको दिगो प्रवन्ध गर्न होटल, रेस्टुरेन्ट, गाइड, ट्राभल एजेन्टका लागि तालिम तथा प्रमाणिकरण प्रणाली; निजी क्षेत्रलाई आकर्षित गर्न कर सहुलियत, PPP मोडल र लगानी मैं त्री वातावरण; पर्यटन व्यवसायमा युवा तथा महिलाको सहभागिता वृद्धि र अन्तर्राष्ट्रिय मापदण्ड (Standards) अनुसार सेवा सुधारका कार्यहरू प्रभावकारी रुपमा सन्चालन गरिनेछ ।

४. **ब्रान्डिङ, प्रवर्द्धन तथा दिगोपन (Sustainability):**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान र संरक्षण सहितको दीर्घकालीन पर्यटन विकासका लागि "Visit Koshi" जस्ता एकीकृत ब्रान्ड अभियान सन्चालन; डिजिटल मार्केटिङ (सामाजिक सञ्जाल, वेबसाइट, भर्चुअल भ्रमण) मार्फत विश्व बजारमा प्रचार; वातावरणीय संरक्षण, फोहोर व्यवस्थापन र स्थानीय संस्कृतिको संरक्षणमा जोड तथा जलवायु परिवर्तन अनुकूल पर्यटन अभ्यास (Eco-Friendly Tourism Practices) जस्ता महत्वपूर्ण अभ्यासहरूलाई व्यवहारमा रुपान्तरण गरिनेछ ।

५. **हवाई सञ्जाल विस्तार:**

सगरमाथा लगायत कोशी प्रदेशमा रहेका उच्च हिमालहरुको पदयात्रा र हिमाल आरोहण अभियान मार्फत कोशी प्रदेशको पर्यटनलाई लाभकारी वनाउन विराटनगर,लुक्ला हवाई सञ्जाल ( Air Connectivity) सुरु गर्न संघीय सरकारसंग समन्वय गरी कार्यान्वयनको सार्थक पहल गरिनेछ।

६. **झापा-कञ्चनजङ्गा पदयात्रा मार्ग:**

हिमाली र पहाडी क्षेत्रको पदयात्राप्रति आन्तरिक तथा वाह्य पर्यटकहरुको वढ्दो आकर्षणलाई दृष्टिगत गरी हाल निर्माणाधिन अवस्थामा रहेका बाहेक झापाको बाहुनडाँगी देखी सन्दकपुर हुँदै कञ्चनजङ्गा आधार शिविर सम्म जाने पदयात्रा मार्ग विकास गर्न सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी कार्यान्वयन गरिने छ ।

७. **पर्यटन नीति तर्जुमा:**

कोशी प्रदेशको पर्यटन विकास र प्रवर्द्धनलाई दीगो परिणाममुखी र समसमयिक वनाउन प्रदेश पर्यटन नीति तर्जुमा र रणनीतिक योजना निर्माण गरिनेछ ।



उपाध्यक्ष

### ४.१.७ सहकारी:

सुशासन (Governance), उत्पादन (Production), वित्त (Finance) र बजार (Market) लाई एकीकृत रूपमा जोड्न नियमनको दरिलो र दिगो आधार तयार गरी केवल बचत गर्ने तथा ऋण उपलब्ध गराउने संस्थाको रुपमा मात्र नभई दिगो, समावेशी र उत्पादनमुखी अर्थतन्त्रको प्रमुख इन्जिनको रुपमा स्थापित गर्न देहाय बमोजिमका प्रमुख नीति तथा कार्यक्रमहरू अवलम्बन गरिने छ।

१. **सहकारी सुदृढीकरण तथा सुशासन प्रवर्द्धन:**
सहकारीमा पारदर्शिता र विश्वसनीयता वृद्धि गरी बचतकर्ताको विश्वास सुदृढ गर्न साथै वर्तमान विकृति र विसङ्गतिको अन्त्य गर्न सहकारी शासन र क्षमता अभिवृद्धि कार्यक्रम (Cooperative Governance & Capacity Building Program) अन्तरगत सहकारी दर्ता, लेखा, अडिट र अनुगमनका लागि एकीकृत डिजिटल प्रणाली; सञ्चालक समिति र व्यवस्थापकका लागि अनिवार्य क्षमता विकास तालिम; कमजोर/समस्याग्रस्त सहकारीको पुनरसंरचना (Reform & Merger) तथा विश्वासिलो vs जोखिमयुक्त सहकारी छुट्याउने गरी सहकारी मूल्याङ्कन प्रणाली (Cooperative Rating System) लागू गरिनेछ।

२. **उत्पादनमुखी सहकारी तथा उद्यम विकास:**
रोजगारी सिर्जना र स्थानीय उत्पादन वृद्धिका साथै आयआर्जनमा प्रत्यक्ष सुधार हुने गरी उत्पादनमा आधारित सहकारी उद्यम कार्यक्रम (Production-based Cooperative Enterprise Program) अन्तर्गत कृषि, पशुपालन, मत्स्य, हस्तकला, पर्यटनमा उत्पादन सहकारी प्रवर्द्धन; सहकारीमार्फत कृषि प्रशोधन, दुग्ध, कानुनी प्रावधानको सुनिस्चिता सहित घरेलु मदिराको उत्पादन र ब्राण्डिङ जस्ता साना उद्योग स्थापना र प्रवर्द्धन; एउटा सहकारी एउटा उत्पादन - (One Cooperative–One Product) अवधारणा तथा युवामुखी उद्यमशीलता (Startup through Cooperatives) जस्ता अभियानगत कार्यक्रम सन्चालन गरिने छ।

३. **सहकारी वित्तीय पहुँच तथा लगानी सहजीकरण:**
साना किसान/उद्यमीको वित्तीय पहुँच वृद्धि तथा लगानी र उत्पादन विस्तार जस्ता अभियान सन्चालनका लागि सहकारी वित्तपोषण र ऋण ग्यारेन्टी कार्यक्रम (Cooperative Financing & Credit Guarantee Program) अन्तर्गत सहकारीमार्फत सस्तो ब्याजदरमा ऋण प्रवाह; जोखिम न्यूनीकरणका लागि क्रेडिट ग्यारेन्टी कोष (Credit Guarantee Fund) स्थापना; बैंक–सहकारी सहकार्य (Co-financing Model) र डिजिटल भुक्तानी र वित्तीय समावेशीकरण जस्ता कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

४. **सहकारी मूल्य शृंखला तथा बजार पहुँच सुदृढीकरण:**
उत्पादनको उचित मूल्य सुनिश्चितता र सहकारीको आर्थिक दिगोपन सुदृढ हुने गरी सहकारी बजार सम्बन्ध र ब्रान्डिङ कार्यक्रम (Cooperative Market Linkage & Branding Program) अन्तरगत सहकारी उत्पादनका लागि सङ्कलन, भण्डारण र प्रशोधन केन्द्रको प्रवन्ध; कूप मार्ट (Coop Mart) वा सहकारी बजार स्थापना; ईवाणिज्य- (E-Commerce) प्लेटफर्ममार्फत बिक्री विस्तार तथा कोशी सहकारी उत्पादनहरू (Koshi Cooperative Products) जस्ता ब्रान्डिङ समेतका कार्यक्रमलाई प्रभावकारी रुपमा सन्चालन व्यवस्थापन गरिने छ।

## ४.२ सामाजिक विकास:

### ४.२.१ जनसंख्या तथा बसाइँसराई

कोशी प्रदेशमा हिमाली र पहाडी जिल्ला बाट तराईतर्फको आन्तरिक बसाइँसराइ, युवा जनशक्तिको बाह्य पलायन, सहरी क्षेत्रमा अनियोजित जनघनत्व वृद्धि र केही क्षेत्रमा जनसंख्या लगातार घट्दो प्रवृत्ति देखिन्छ। त्यसैले जनसंख्या व्यवस्थापनलाई सन्तुलन, अवसर सिर्जना र योजनाबद्ध बसोबाससँग जोड्न आवश्यक छ। तसर्थ हिमाली र पहाडी जिल्लाको बसोवासलाई स्थायीत्व प्रदान गरी रिभर्ष माइग्रेसनको सहज वातावरण सिर्जना गर्न देहाय बमोजिमका नीति तथा कार्यक्रम सन्चालन गरिनेछ।



उपाध्यक्ष

१. **सन्तुलित क्षेत्रीय बसोबास तथा पुनर्वासः**

हिमाली तथा पहाडी क्षेत्रमा जनसंख्या स्थायित्व कायम गर्दै सन्तुलित बसोबास विकासका लागि दुर्गम क्षेत्रमा बसोबास गर्ने परिवारका लागि आवास, पूर्वाधार र रोजगारी प्याकेज; योजनाबद्ध एकीकृत बस्ती विकास (Planned Settlement Program); पहिरो/बाढी बाट जोखिमयुक्त रहेका वस्ती को सुरक्षित स्थानमा पुनर्वास र पहाडी तथा हिमाली क्षेत्रमा आर्थिक गतिविधि (कृषि, पर्यटन, जडीबुटी) प्रवर्द्धन लगायतका आर्थिक विकासमा आधारित एकीकृत कार्यक्रमहरू सन्चालन गरिनेछ।

२. **सहरीकरण व्यवस्थापन तथा स्मार्ट सिटी विकासः**

अनियोजित बसाइँसराइका कारण बढ्दो सहरी दबाबलाई व्यवस्थित र दिगो बनाउन प्रमुख शहर तथा शहर उन्मुख बजार केन्द्रहरूमा जोनिङ, आवास, यातायात व्यवस्थापन सहितको स्मार्ट सहरी योजना **Smart Urban Planning** (); साना तथा मध्यम शहरहरूको विकास (Secondary Cities Promotion); कम आय भएका परिवारका लागि किफायती आवास कार्यक्रम **(Affordable Housing Program)** तथा खानेपानी, सरसफाइ, स्वास्थ्य, शिक्षा लगायतका आधारभूत सेवा को विस्तार र दिगो व्यवस्थापन गरिनेछ।

३. **युवा रोजगारी र पलायन न्यूनीकरणः**

हिमाल तथा पहाडबाट तराइमा र समग्र प्रदेशबाट भइरहेको बाह्य बसाइँसराइ (विदेश पलायन समेत) घटाउन प्रदेशमैं रोजगारी र उद्यमशीलता विकास गर्नका लागि सीपमूलक तालिम (TVET) र उद्यमशीलता विकास कार्यक्रम; विदेशबाट फर्केकाहरूको पुनःस्थापना (Returnee Migrant Reintegration Program); कृषि, पर्यटन, उद्योग क्षेत्रमा रोजगारी सिर्जना परियोजना र स्टार्टअप र साना व्यवसायका लागि सहुलियत ऋण तथा अनुदान जस्ता कार्यक्रमलाई समन्वयात्मक रुपमा प्रभावकारी कार्यान्वयन गरिनेछ।

४. **जनसंख्या तथ्यांक व्यवस्थापन तथा योजना एकीकरणः**

दीर्घकालीन रूपमा दिगो विकास र सामाजिक स्थायित्वको कायम गर्न दिगो वातावरण सिर्जना गर्नेगरी बसोबासको सन्तुलन (Balanced Settlement); सहरी व्यवस्थापन (Urban Management); रोजगारी र आर्थिक अवसर (Employment & Economy) तथा तथ्यांकमा आधारित योजना (Data-driven Planning) निर्माण र सेवा वितरण सुनिश्चित गर्न डिजिटल डाटाबेस अन्तरगत जनसंख्या सूचना प्रणाली (Population Information System-PIS) स्थापना; बसाइँसराइ, जन्मदर, मृत्यु दर लगायतका रियल टाइम डाटा अद्यावधिक; नीति तथा योजना निर्माणमा प्रमाणमा आधारित योजना (Evidence-based Planning) लागू र स्थानीय तहसँगको समन्वयमा नियमित जनसांख्यिक सर्वेक्षण र विश्लेषणको कार्यलाई अघि बढाइनेछ।

५. **वसाई सराई नियन्त्रण**

पहाडी क्षेत्रवाट तराईतिर हुँने वसाई सराईको प्रमुख कारण शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरहरु प्रमुख कारण देखिएकोले प्रदेश सरकारवाट कार्यान्वयन गरिने समग्र आयोजना र कार्यक्रमहरुलाई यसै दिशामा प्रतिफल उन्मुख हुनेगरी सन्चालन गर्ने रणनीति लागू गरिनेछ।

### ४.२.२ शिक्षा

कोशी प्रदेशको भौगोलिक विविधता, घट्दो जनसंख्या, बस्तीको फैलावट, पहुँचको असमानता, भाषा तथा संस्कृतिको विविधता र आर्थिक अवस्थालाई समेत ध्यानमा राख्दै स्थान विशेष (Location Specific) र समावेशी शैक्षिक कार्यक्रम सन्चालनका लागि देहाय बमोजिमका विषयगत नीति तथा कार्यक्रम सन्चालन गरिनेछ।

१. **भौगोलिक अनुकूल विद्यालय पहुँच विस्तारः**

सिकाइ प्रभावकारिता बढाएर र बिचैमा विद्यालय छाड्ने दर (ड्रपआउट) घटाउँनका लागि दुर्गम, हिमाली तथा पहाडी क्षेत्रमा पनि समान रूपमा शिक्षा पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा आवासीय (Residential) विद्यालय स्थापना; केन्द्रीय विद्यालय र सहायक इकाइ **(Cluster School Model)** लागू; जोखिमयुक्त भूभाग (पहिरो/हिमपात) मा सुरक्षित विद्यालय पुनर्स्थापना र विद्यार्थीका



उपाध्यक्ष

लागि निःशुल्क यातायात तथा होस्टेल सुविधा लगायतका कार्यक्रम सन्चालन गरी विशेष गरी हिमाली तथा पहाडी क्षेत्रमा वसोवास गर्ने परिवारका बालबालिकाको व्यवसायिक तथा उच्च शिक्षाको अवसर तथा पहुँच सुनिश्चित गरिनेछ।

२. **बहुभाषिक तथा स्थानीय सन्दर्भमा आधारित शिक्षा:**

स्थानीय भाषा, संस्कृति र जीवनशैलीअनुसार पाठ्यक्रम र सिकाइ प्रणाली विकास गरी स्थानीय अवसर र सम्भावनाहरूको खोजी तथा सदुपयोग गर्न सक्ने मानवीय पूँजीको विकास गर्न प्रारम्भिक कक्षामा **मातृभाषामा शिक्षा (Mother Tongue Based Education)** ; स्थानीय इतिहास, भूगोल, कृषि, संस्कृति समेटिएको पाठ्यक्रम; आदिवासी/जनजाति समुदायका लागि विशेष शिक्षण सामग्री विकास र स्थानीय शिक्षकको भर्ती र क्षमता विकास जस्ता कार्यक्रम एकीकृत रुपमा सन्चालन गरिनेछ।

३. **प्रविधिमैं त्री (ICT-based) शिक्षा पहुँच विस्तार:**

डिजिटल शिक्षा प्रणाली मार्फत भौगोलिक दुर्गमता घटाउन दुर्गम क्षेत्रमा पनि गुणस्तरीय शिक्षा पहुँच सहज रुपमा स्थापित गर्न दुर्गम विद्यालयहरूमा ई–लर्निङ (E-learning) कक्षा; इण्टरनेट, स्मार्ट बोर्ड, ट्याबलेट सहितको डिजिटल स्कूल पहल (Digital School Initiative); रेडियो/टेलिभिजन/अनलाइन माध्यमबाट वैकल्पिक कक्षा सन्चालन र शिक्षकलाई ICT प्रयोगसम्बन्धी तालिम प्रदान गरिनेछ।

४. **प्राविधिक तथा सीपमूलक शिक्षाको क्षेत्रीयकरण:**

**"स्थान अनुसार शिक्षा, आवश्यकता अनुसार सीप"** भन्ने अवधारणालाई आत्मसात गर्दै भौगोलिक असमानता घटाउने, शिक्षा पहुँच र गुणस्तर सुधार गर्ने, स्थानीय पहिचान र सीप विकासमा योगदान पुर्याउने तथा स्थानीय रोजगारी सिर्जना र युवा शक्ति पलायन नियन्त्रणमा सहयोग पुर्याउने र दीर्घकालीन आर्थिक विकासमा योगदान दिने लगायतको दिगो आधार निर्माण गर्न यस प्रदेशको भौगोलिक अवस्थिति र क्षेत्रअनुसार आवश्यक सीप र रोजगारमुखी शिक्षा विकास गर्न अनिवार्य भएकाले हिमाली क्षेत्रमा पर्यटन, जडीबुटी, पशुपालन सम्बन्धी तालिम; पहाडी क्षेत्रमा कृषि, बागवानी, साना उद्योग सीप विकास; तराई क्षेत्रमा औद्योगिक, व्यापारिक तथा प्राविधिक शिक्षा विस्तार र विद्यालय तहदेखि (Technical and Vocational Education) समावेश गर्ने लगायतका आधारभूत कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

### ४.२.३ स्वास्थ्य तथा पोषण:

कोशी प्रदेशमा मातृ–शिशु कुपोषण, दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँचको कमी, गैर-संक्रामक रोग (NCDs) को वृद्धि र जीवनशैलीसँग सम्बन्धित जोखिमहरू प्रमुख चुनौतीका रूपमा रहेको अवस्थामा संघीय संरचना तथा सार्वभौमिक स्वास्थ्य पहुँच (UHC) को लक्ष्यसँग मेल खाने गरी दीर्घकालीन रूपमा प्रदेश भित्र स्वस्थ, सक्षम र उत्पादनशील जनशक्ति निर्माणमा सहयोग पुग्नेगरी प्रत्येक स्थानीय तह तथा दूरदराज क्षेत्रमा स्वास्थ्य चौकी/समुदायिक स्वास्थ्य इकाइ विस्तार, मोबाइल हेल्थ क्लिनिक (Mobile Health Camp) सन्चालन, हिमाली/पहाडी क्षेत्रमा घरदैलो सेवा (Doorstep Health Service) साथै महिला, दलित, विपन्न तथा अपांगता भएका व्यक्तिका लागि लक्षित सेवा, कुपोषण न्यूनीकरण (Nutrition Improvement), स्वास्थ्य सेवाम सहज पहुँच (Health Access), रोग रोकथाम (Disease Prevention) र स्वस्थ जीवनशैली प्रवर्द्धन (Healthy Living) का लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू सन्चालन गरिनेछ।

१. **मातृ–शिशु पोषण सुदृढीकरण तथा "पहिलो १००० दिन" कार्यक्रम:**

दीर्घकालीन मानव विकास (Human Capital Development) मा प्रत्यक्ष योगदान पुर्याउन गर्भावस्था देखि २ वर्षसम्मका बालबालिकामा कुपोषण न्यूनीकरणलाई उच्च प्राथमिकता दिने गरी गर्भवती तथा सुत्केरी महिलाका लागि पोषण भत्ता/पोषण किट; बालबालिकामा पूरक आहार (Complementary Feeding) प्रवर्द्धन; स्तनपान प्रवर्द्धन अभियान (Exclusive breastfeeding) र उच्च कुपोषण भएका जिल्ला तथा स्थानीय तहहरूमा बहुक्षेत्रीय गहन पोषण कार्यक्रम (Intensive Nutrition Program) सन्चालन गरिनेछ।



उपाध्यक्ष

२. **समुदायमा आधारित एकीकृत स्वास्थ्य तथा पोषण सेवा विस्तारः**
दुर्गम र विपन्न समुदायसम्म स्वास्थ्य तथा पोषण सेवा एकीकृत रूपमा पुर्याउन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत घरदैलो सेवा विस्तार; स्वास्थ्य, पोषण र खोप सहितको एकीकृत आउटरिच क्लिनिक (Integrated Outreach Clinic); विद्यालय तथा आमा समूहमार्फत पोषण शिक्षा र व्यवहार परिवर्तन अभियान तथा दुर्गम क्षेत्रमा मोबाइल हेल्थ तथा पोषण क्याम्प जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा सन्चालन व्यवस्थापन गरिनेछ।

३. **सूक्ष्मपोषक तत्व (Micronutrient) र खाद्य सुरक्षा सुदृढीकरणः**
आयोडिन, आयरन, भिटामिन A सूक्ष्मपोषक तत्वको कमीलाई हटाउँदै पोषणयुक्त खाद्य पहुँच सुनिश्चित गर्न Iron, Folic Acid, Vitamin A वितरण कार्यक्रम सुदृढीकरण; विद्यालय खाजा कार्यक्रममा पोषणयुक्त आहार समावेश; स्थानीय स्तरमा पोषणयुक्त बाली (Bio-Fortified Crops) उत्पादन प्रवर्द्धन तथा पोषण बगैंचा अभियान प्रत्येक घरमा सन्चालनका लागि प्रोत्साहन र सहयोग गरिनेछ।

४. **गैर-संक्रामक रोग (NCD) रोकथाम तथा स्वस्थ जीवनशैली प्रवर्द्धनः**
मुटु रोग, मधुमेह, क्यान्सर जस्ता रोगहरू रोकथामका लागि जनचेतना र प्रारम्भिक परीक्षण सुदृढ गरी रोग प्रतिरोधात्मक क्षमताको विकास गर्न रक्त चाप, मधुमेह, क्यान्सर जस्ता रोगहरूको नियमित स्क्रिनिङ कार्यक्रम; व्यायाम, सन्तुलित आहार, धूम्रपान नियन्त्रण सहितको स्वस्थ जीवनशैली अभियान (Healthy Lifestyle Campaign); विद्यालय तथा कार्यस्थलमा स्वास्थ्य शिक्षा कार्यक्रम तथा प्राथमिक स्वास्थ्य संस्थाबाट एनसीडी व्यवस्थापन सेवा (NCD management service) विस्तार लगायतका महत्वपूर्ण कार्यक्रमहरूको प्रभावकारिता बढाउन स्थानीय तहहरूलाई समेत प्रोत्साहन र सहयोग पुर्याइनेछ।

५. **डिजिटल स्वास्थ्य सेवा (e-Health) तथा टेलिमेडिसिन विस्तारः**
आधुनिक प्रविधिको प्रयोगबाट स्वास्थ्य सेवामा पहुँच र गुणस्तर सुधारका लागि प्रदेशभर टेलिमेडिसिन नेटवर्क स्थापना (जिल्ला अस्पताल–केन्द्र अस्पताल लिंक); डिजिटल हेल्थ रेकर्ड (EHR) प्रणाली लागू; दुर्गम क्षेत्रमा विशेषज्ञ सेवा दिन भर्चुअल ओपीडी (Virtual OPD); एम्बुलेन्स तथा आपतकालीन सेवामा ICT आधारित ट्र्याकिङ जस्ता कार्यक्रमलाई प्रथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ।

६. **स्वास्थ्य बीमा र वित्तीय पहुँच सुदृढीकरण कार्यक्रमः**
आधारभूत सेवा निःशुल्क भए पनि विशेषज्ञ स्वास्थ्य सेवाका क्षेत्रमा आर्थिक पहुँच सुनिश्चित गर्न सामाजिक स्वास्थ्य सुरक्षा प्रणाली विस्तार मार्फत स्वास्थ्य बीमा कार्यक्रमको अनिवार्य/विस्तारित कार्यान्वयनका लागि गरीब तथा लक्षित वर्गका लागि पूर्ण प्रिमियम अनुदान; मुख्य बीमाले कभर गर्न नसकेको रकम माथि "थप कभर" दिने व्यवस्था अन्तरगत प्रदेशस्तरमा टपअप बीमा-(Top-up Insurance) जस्तो अतिरिक्त सुविधा र बीमा सेवा प्रयोग प्रक्रियालाई सरल र पारदर्शी बनाउनुको साथै स्वास्थ्य बीमाको पहुँच बृद्धि गर्न प्रत्येक स्थानीय तहमा एक एक वटा प्रेशण केन्द्र स्थापनाका लागि समन्वयात्मक कार्य गरिनेछ।

७. **गुणस्तरीय सेवा र मानव संसाधन सुदृढीकरणः**
दीर्घकालीन रूपमा सार्वभौमिक स्वास्थ्य पहुँच हासिल गर्ने कार्यका लागि सेवा पहुँच; सेवा उपयोग, सेवा गुणस्तर र आर्थिक सुरक्षा (Financial Protection) जस्ता आधारभूत पक्षमा सुधार ल्याउन अनिवार्य रहेको छ। गुणस्तरीय सेवा सुधार र प्रवाहका लागि स्वास्थ्य प्रणाली सुदृढीकरण एक अनिवार्य शर्त भएकोले स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न दक्ष जनशक्ति, पूर्वाधार र नियमन प्रणाली सुदृढ गर्नका लागि दुर्गम क्षेत्रमा डाक्टर तथा नर्सको अनिवार्य सेवा (Bond/Rotation System); प्रदेशस्तरीय गुणस्तर आश्वासन र मान्यता प्रणाली (Quality Assurance & Accreditation System) स्थापना; अस्पतालहरूमा उपकरण, औषधी र आपूर्ति व्यवस्थापन सुधार तथा सेवाकालीन तालिम (In-service Training) र प्रदर्शन मूल्याङ्कन जस्ता कार्यक्रमहरू प्रभावकारी रुपमा सन्चालन गरिनेछ।


उपाध्यक्ष

### ४.२.४ खानेपानी तथा सरसफाई

सुरक्षित पानीमा पहुँच, पानीको गुणस्तर, सरसफाइ अवस्था र तीनको दिगोपन र व्यवहार (Sustainability & Behavior) स्वास्थ्य सुरक्षाका प्रमुख आधारहरू हुन । कोशी प्रदेशको हिमाल–पहाड–तराई सम्मको फैलावट, बाढी/पहिरोको अधिक जोखिम, छरिएको बस्ती र असमान पूर्वाधार अवस्थालाई ध्यानमा राख्दा खानेपानी तथा सरसफाइमा पहुँच, गुणस्तर, दिगोपन र व्यवहार परिवर्तन जस्ता पक्षलाई एकीकृत रुपमा सँगै अघि बढाउन आवश्यक रहेकोले यस क्षेत्रका लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू सन्चालन गरिनेछ ।

१. **सुरक्षित तथा दिगो खानेपानी पहुँच विस्तार:**
   प्रत्येक घरधुरीमा सुरक्षित, नियमित र दिगो खानेपानी सेवा सुनिश्चित गर्न एक घर एक धारा (One Household–One Tap) अभियान को विस्तार; हिमाली तथा पहाडी क्षेत्रमा ग्राभिटी–फेड प्रणाली, तराईमा गहिरो नलकूप/पाइप्ड स्किम; वर्षायाम/सुक्खायाम व्यवस्थापनका लागि जलाशय र वर्षा पानी संकलन (Rainwater Harvesting) तथा विपद् जोखिमयुक्त क्षेत्रमा जलस्रोत संरक्षण र वैकल्पिक स्रोत विकास जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा सन्चालन गरिनेछ ।

२. **खानेपानी गुणस्तर तथा पानी सुरक्षा व्यवस्थापन:**
   पानीको गुणस्तर सुनिश्चित गर्दै स्वास्थ्य जोखिम न्यूनीकरण गर्न सबै स्थानीय तहमा नियमित पानी परीक्षण (Water Quality Testing) र प्रयोगशाला सुदृढीकरण; पानी सुरक्षा योजना (Water Safety Plan) को अनिवार्य कार्यान्वयन; तराई क्षेत्रमा आर्सेनिक तथा फलाम हटाउने प्रविधि विस्तार र स्रोतदेखि उपभोक्ता बिन्दुसम्म क्लोरीनेसन तथा शुद्धीकरण प्रणालीलाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।

३. **समग्र सरसफाइ तथा फोहोरमैं ला व्यवस्थापन सुदृढीकरण:**
   सरसफाईको उपयुक्त प्रवन्ध र फोहोरमैं लाको दिगो व्यवस्थापनका लागि शून्य डम्पिङ तथा शून्य ल्याण्डफिल अवधारणा बमोजिम पाइरोलाइसेस प्रविधि समेतको खोजी, उपयोग र विस्तार गर्दै घरायसी, संस्थागत र सार्वजनिक शौचालयको गुणस्तर सुधार र नियमित प्रयोगको सुनिश्चितता; ठोस फोहोरमैं ला व्यवस्थापन कार्यक्रम विस्तार; तराईका सहरी क्षेत्रमा ढल तथा फोहोर पानी प्रशोधन (Wastewater Treatment) र विद्यालय, स्वास्थ्य संस्था र बजार क्षेत्रमा स्वच्छता मापदण्डहरूलाई स्थानीय तहको सहयोग र साझेदारीमा प्रभावकारी रुपले लागू गरिनेछ ।

४. **समुदायमा आधारित दिगोपन तथा व्यवहार परिवर्तन कार्यक्रम (WASH Governance):**
   खानेपानी तथा सरसफाइ सेवाको दिगोपनका लागि समुदायको स्वामित्व र व्यवहार परिवर्तनलाई सुदृढ र परिणाममूखी बनाउन खानेपानी तथा सरसफाई उपभोक्ता समिति (User Committee/Water User Groups) को क्षमता विकास तथा र नियमित मर्मतसम्भार कोष (O&M Fund) को व्यवस्था; हात धुने, सुरक्षित पानी प्रयोग, फोहोर व्यवस्थापनका लागि स्वच्छता प्रवर्द्धन अभियान (Hygiene Promotion Campaign) ; महिला, दलित र विपन्न समुदायको समावेशी सहभागिताको सुनिश्चित र सेवा प्रदायक र स्थानीय तहबीच उपलब्धिमा आधारित अनुदान (Performance-Based Grants) जस्ता कार्यक्रमहरूको कार्यान्वयन र प्रभावकारिताको अभिबृद्धि गरिनेछ ।

### ४.२.५ युवा तथा खेलकुद

रोजगारी र उद्यमशीलता (Employment & Entrepreneurship) को विकास, खेल पहुँच र पूर्वाधार (Sports Access & Infrastructure) विकास, प्रतिभा विकास (Talent Development) र सामाजिक सशक्तीकरण को दिगो आधार निर्माण लगायतका क्षेत्रमा समग्र सुधार ल्याई ऊर्जाशील, स्वस्थ र उत्पादनशील युवा जनशक्ति निर्माणमा योगदान पुर्याउने उद्देश्यका साथ कोशी प्रदेश भित्र रहेको युवाहरूको ठूलो जनसंख्यालाई आधारभूत सम्बोधन गर्न, दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको विदेश पलायनलाई रोक्न, मापदण्ड बमोजिमका खेल पूर्वाधारहरूको निर्माण व्यवस्थापन गर्न साथै प्रतिभा पहिचान गरी तीनको उपयुक्त परिचालनको मार्ग प्रशस्त गर्न युवा तथा खेलकुद क्षेत्रलाई रोजगारी, सीप, स्वास्थ्य र पहिचान निर्माणसँग जोडेर अघि बढाउने गरी देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।



उपाध्यक्ष

१. **युवा उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन:**

युवालाई आत्मनिर्भर बनाउँदै प्रदेशमैं रोजगारी सिर्जना गर्न तथा युवा पलायन घटाएर स्थानीय अर्थतन्त्र सुदृढ गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक सहुलियतपूर्ण ऋण र अनुदान प्रदानका गर्नका लागि युवा स्टार्टअप कोष (Youth Startup Fund) स्थापना; सूचना प्रविधि, कृषि, पर्यटन, उद्योग लगायतका रोजगारी सिर्जना र आर्थिक उपार्जनसँग सम्बन्धित विषयमा सीपमूलक तालिमको प्रवन्ध र विस्तार; एक युवा - एक सीप (One Youth–One Skill) अभियान तथा विदेशबाट फर्केका युवाका लागि पुनर्एकीकरण कार्यक्रम (Reintegration Program) सन्चालन गरिनेछ।

२. **खेल पूर्वाधार विकास तथा पहुँच विस्तार कार्यक्रम:**

ग्रामीण तथा सहरी दुवै क्षेत्रमा खेल पहुँच बढाउँन प्रत्येक जिल्लामा जिल्ला स्तरीय, गाउँ/नगारस्थानीय तह स्थानीय तह स्तरीय खेलकुद पूर्वाधार विस्तार गरी सबैलाई खेलमा पहुँचको सुनिश्चितताका लागि बहुद्देश्यीय खेल मैं दान (Multi-purpose Stadium/Ground) निर्माण; विद्यालय तहमा खेल सामग्री र खेल मैदान व्यवस्थापन; दुर्गम क्षेत्रमा Mini Sports Center स्थापना तथा खेल पूर्वाधारको मर्मत तथा दिगोपन योजना जस्ता कार्यक्रमहरू सन्चालन गरिनेछ।

३. **प्रतिभा पहिचान तथा उच्चस्तरीय खेल विकास:**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा सहयोग पुग्ने गरी खेलाडीको प्रारम्भिक स्तरदेखि उच्चस्तरसम्म विकास गर्ने प्रणाली स्थापनाका साथ दिगो प्रारुप तयार पार्न विद्यालय, जिल्ला र प्रदेश स्तरमा खेलाडी प्रतिभा पहिचान कार्यक्रम (Talent Identification Program); प्रदेशस्तरीय खेलकुद एकेडेमी स्थापना; प्रशिक्षक र रेफ्रीको क्षमता विकास तथा उत्कृष्ट खेलाडीलाई छात्रवृत्ति, प्रोत्साहन तथा अन्तर्राष्ट्रिय अवसर (Exposure) को व्यवस्था गरिनेछ।

४. **युवा नेतृत्व, स्वास्थ्य तथा सामाजिक सशक्तीकरण:**

युवालाई जिम्मेवार नागरिक र सामाजिक परिवर्तनका अगुवा साथै सामाजिक, नेतृत्व र स्वास्थ्य क्षेत्रमा सक्रिय बनाउनका लागि युवा नेतृत्व र स्वयंसेवक कार्यक्रम (Youth Leadership & Volunteer Program) सन्चालन; लागूऔषध दुर्व्यसन, मानसिक स्वास्थ्य र हिंसा विरुद्ध जनचेतना अभियान; खेलकुदमार्फत स्वस्थ जीवनशैली प्रवर्द्धन (Sports for Health) तथा युवालाई नीति निर्माणमा सहभागी गराउने (Youth Council/Forum) जस्ता लक्षित कार्यक्रम सन्चालन गरिनेछ।

### ४.२.६ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

कोशी प्रदेशमा लैङ्गिक असमानता, महिला हिंसा, आर्थिक अवसरको सीमित पहुँच र निर्णय प्रक्रियामा महिलाको न्यून सहभागिता जस्ता चुनौतीहरू अझै विद्यमान रहेकाले महिला सशक्तीकरणको माध्यमबाट अधिकार, अवसर, सुरक्षा र नेतृत्व लगायतका आयामहरूलाई एकीकृत रुपमा अघि बढाउन र आर्थिक सशक्तीकरण, सुरक्षा र अधिकार संरक्षण, शिक्षा र स्वास्थ्यमा सहज पहुँच साथै नेतृत्व र सहभागिताको माध्यमबाट समावेशी, न्यायपूर्ण र समतामूलक समाज निर्माणमा महत्वपूर्ण योगदान पुर्याउन देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

१. **आर्थिक सशक्तीकरण तथा उद्यमशीलता प्रवर्द्धन:**

आर्थिक सशक्तीकरणको माध्यमबाट समग्र लैङ्गिक समानतालाई दिगो व्यवस्थापन र प्रभावकारी बनाउन महिलालाई आयआर्जन र उद्यमशीलतामा सक्षम बनाउँदै आर्थिक स्वतन्त्रता सुनिश्चित गर्न सहुलियत ऋण र अनुदान समेत उपलब्ध गाराउने गरी महिला उद्यमशीलता कोष (Women Entrepreneurship Fund); कृषि, पर्यटन, हस्तकला, सेवा क्षेत्रमा सीप विकास तालिम; महिला नेतृत्वमा सहकारी तथा साना उद्यम प्रवर्द्धन तथा उत्पादित वस्तुको बजार पहुँच (Market Linkage) र ब्रान्डिङ जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. **लैङ्गिक हिंसा न्यूनीकरण तथा सुरक्षा सुदृढीकरण:**

सुरक्षित समाज निर्माणमा योगदान पुर्याउने गरी महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसा अन्त्यका लागि प्रभावकारी संयन्त्र विकास गर्न प्रत्येक जिल्लामा एकल विपद् संकट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Center) सुदृढीकरण; लैङ्गिक हिंसा (Gender-Based Violence) हेल्पलाइन र कानुनी सहायता सेवा विस्तार; विद्यालय र समुदायमा



उपाध्यक्ष

हिंसा विरुद्ध सचेतना अभियान तथा प्रहरी, स्वास्थ्यकर्मी र न्यायिक निकायका लागि संवेदनशीलता तालिम जस्ता कार्यक्रम सन्चालन गरिनेछ।

३. **शिक्षा, स्वास्थ्य र पोषणमा लैङ्गिक पहुँच सुधार:**

प्रदेश सरकारको आवधिक योजनाले परिलक्षित गरेको मानव विकास सूचकको प्राप्तिका लागि महिला र किशोरीहरूको शिक्षा, स्वास्थ्य र पोषणमा समान पहुँच सुनिश्चित गर्न किशोरीहरूका लागि छात्रवृत्ति र विद्यालय निरन्तरता कार्यक्रम; प्रजनन स्वास्थ्य (Reproductive Health) सेवा विस्तार; लक्षित समूहमा विशेष पोषण तथा पोषण शिक्षा कार्यक्रम (Iron, Nutrition Education) तथा विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन (Menstrual Hygiene Management) सुविधा जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ।

४. **महिला नेतृत्व तथा निर्णय प्रक्रियामा सहभागिता प्रवर्द्धन:**

नीति निर्माण र शासन प्रणालीमा महिलाको अर्थपूर्ण सहभागिता बढाएर दिगो र समावेशी शासन प्रणाली निर्माणमा सहयोग पुग्ने गरी महिला नेतृत्व विकास कार्यक्रम (Women Leadership Development Program) सन्चालन; प्रदेश सरकार, स्थानीय तह तथा संस्थाहरूमा महिलाको प्रतिनिधित्व सुनिश्चित/बढावा; महिला जनप्रतिनिधिहरूको क्षमता विकास तथा लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budgeting) को प्रभावकारी कार्यान्वयन गरिनेछ।

### ४.२.७ बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता

समावेशी, मानव अधिकारमैं त्री र संवेदनशील समाज निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने गरी सामाजिक सुरक्षा र सेवा पहुँच, अधिकार संरक्षण र विकास, सम्मानजनक जीवन र स्वास्थ्य सेवामा समावेशी र समान अवसर सिर्जना गर्न कोशी प्रदेशमा बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका लागि सेवा पहुँच, संरक्षण, सामाजिक सुरक्षा र सम्मानजनक जीवन सुनिश्चित गर्न देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू सन्चालन गरिनेछ।

१. **समावेशी सामाजिक सुरक्षा तथा सेवा एकीकरण:**

बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक सुरक्षा र सेवाहरूलाई एकीकृत तथा लक्षित वर्ग र समुदायमैं त्री बनाउन डाटाबेस एकीकृत सामाजिक सुरक्षा सेवा वितरण प्रणाली (Integrated Social Protection System); लक्षित वर्गका लागि भत्ता, बीमा र स्वास्थ्य सेवा समन्वित रूपमा प्रदान; स्थानीय तहमा एकल सेवा केन्द्र (One-Stop Service Center) स्थापना तथा सेवा प्राप्ति प्रक्रियालाई सरल, डिजिटल र पहुँचयोग्य बनाउने जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाइने छ।

२. **बाल अधिकार संरक्षण तथा विकास:**

स्थानीय तहहरूमा बालमैं त्री स्थानीय शासन (Child-Friendly Local Governance) को पूर्ण कार्यान्वयनमा सहयोग र साझेदारी गरी बालमैं त्री प्रदेशको सुनिश्चितता र दिगो व्यवस्थापनका लागि बालबालिकाको सुरक्षा, शिक्षा, स्वास्थ्य र समग्र विकास सुनिश्चित गर्न बाल संरक्षण प्रणाली (Child Protection System) सुदृढीकरण; बाल श्रम, बाल विवाह, हिंसा विरुद्ध निगरानी र सचेतना अभियान; विद्यालय बाहिर रहेका बालबालिकालाई पुनःविद्यालयीकरण लगायतका बाल अधिकार संरक्षण सम्बर्द्धन तथा आ.व. २०८३/८४ बाट कोशी प्रदेशका हिमाली र पहाडी क्षेत्रका गाउँ/नगरस्थानीय तहमा जन्मेका बालबालिकाको नाममा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गर्नेको हकमा सम्बन्धित स्थानीय तहको समन्वयमा पायक पर्ने प्रदेश स्तरीय बैंकमा **"कोशी प्रदेश बाल सुरक्षा खाता"** खोली स्थानीय तहसँगको समन्वयमा सहजीकरणमा प्रतिवालबालिका एक निश्चित रकम जम्मा गरिदिने लगायतका कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

३. **ज्येष्ठ नागरिक सम्मान तथा स्वास्थ्य सेवा सुदृढीकरण:**

ज्येष्ठ नागरिकको सम्मान, स्वास्थ्य र सामाजिक सहभागिता सुनिश्चित गर्न प्रत्येक जिल्लामा ज्येष्ठ नागरिक स्वास्थ्य सेवा (Geriatric Care Service) विस्तार; ज्येष्ठ नागरिक दिवा हेरचाह केन्द्र (Senior Citizen Day Care Center) स्थापना; घरमैं सेवा (Home-based care) र नियमित स्वास्थ्य परीक्षण तथा ज्येष्ठ नागरिकका लागि सार्वजनिक सेवामा प्राथमिकता र सहुलियत जस्ता कार्यक्रम सन्चालन गर्न स्थानीय तहहरूलाई समेत प्रोत्साहन र सहयोग गरिनेछ।



उपाध्यक्ष

४. **अपाङ्गता समावेशी पूर्वाधार तथा सशक्तीकरणः**

अपाङ्गता भएका व्यक्तिहरूलाई समान अवसर, पहुँच र आत्मनिर्भरता सुनिश्चित गर्न अपाङ्गतामैं त्री पूर्वाधार (Disability-Friendly Infrastructure); र्‍याम्प, ब्रेल, संकेत भाषा को अनिवार्यता; सीप विकास र रोजगारीका लागि लक्षित सीप विकास तालिम (Targeted Skill Training); सहायक सामग्री निःशुल्क/सहुलियतमा उपलब्धता र शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवामा पूर्ण समावेशी पहुँच स्थापित गरिनेछ।

**४.२.८ भाषा, साहित्य, कला तथा संस्कृतिः**

कोशी प्रदेशको बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक पहिचानलाई संरक्षण गर्दै यसलाई आधुनिक अर्थतन्त्र र पहिचान निर्माणसँग जोड्न भाषा, साहित्य, कला तथा संस्कृति क्षेत्रको संरक्षण, प्रवर्द्धन, व्यवसायीकरण र पुस्तान्तरणमा केन्द्रित हुने गरी देहाय बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१. **बहुभाषिक संरक्षण तथा प्रवर्द्धनः**

प्रदेशभित्रका मातृभाषा तथा लोपोन्मुख भाषाहरूको संरक्षण, अभिलेखीकरण र प्रयोग विस्तार गर्न लोपोन्मुख भाषाहरूको डिजिटल अभिलेखीकरण (Audio/Video/Documentation); प्रारम्भिक तहमा मातृभाषामा शिक्षा (Mother Tongue-Based Education) विस्तार; सार्वजनिक सूचना, साइनबोर्ड र सरकारी सेवामा बहुभाषिक प्रयोग तथा भाषा स्रोत तथा अनुसन्धान केन्द्र (Language Resource & Research Center) स्थापना लाई प्राथमिकताका साथ अघि बढाइनेछ।

२. **साहित्य सृजनशीलता प्रवर्द्धन तथा प्रकाशनः**

स्थानीय लेखक, स्रष्टा र साहित्यिक परम्पराको संरक्षण तथा विकास गर्न लेखक/कविहरूका लागि साहित्यिक अनुदान (Creative Grants); प्रदेशस्तरीय पुस्तक प्रकाशन, अनुवाद र वितरण कार्यक्रम; विद्यालय/कलेजमा पठन संस्कृति (Reading Culture) अभियान तथा साहित्यिक महोत्सव (Literary Festival), साहित्यिक गोष्ठी लगायतका कार्यक्रमको आयोजनामा सहयोग र साझेदारी गरिनुको साथै कोशी प्रदेश सँग सम्बन्धित राष्ट्रिय बिभूतीहरूको सम्पदा संरक्षण कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

३. **कला, संस्कृति तथा सम्पदा संरक्षण–प्रवर्द्धनः**

परम्परागत कला, सांस्कृतिक सम्पदा र जीवित परम्पराको संरक्षण र पुनर्जीवन गर्न ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण तथा पुनःनिर्माण; लोकनृत्य, लोकसंगीत, हस्तकला, मूर्तिकला जस्ता परम्परागत कलाको संरक्षण र प्रवर्द्धन; जीवित संस्कृतिक सम्पदा संरक्षण कार्यक्रम (Living Heritage Program) तथा सांस्कृतिक सम्पदाको डिजिटल अभिलेख र GIS नक्सांकन गर्ने कार्यलाई संस्थागत रुपमा कार्यान्वयनमा ल्याइनेछ।

४. **सांस्कृतिक उद्योग तथा पर्यटन प्रवर्द्धन कार्यक्रम**

प्रदेशका सम्पूर्ण क्षेत्रमा सन्तुलित विकास गरी समृद्ध सांस्कृतिक पहिचानसहितको दिगो अर्थतन्त्र निर्माणमा सहयोग पुर्याउन भाषा र साहित्यको संरक्षण, सृजनशीलता र ज्ञानको विकास, सांस्कृतिक पहिचान र सुदृढीकरण तथा कला र संस्कृतिलाई आर्थिक र पर्यटन प्रवर्द्धनसँग जोड्दै आर्थिक गतिविधि र पर्यटनसँग जोड्दै दिगो विकासको आधार निर्माण गर्न हस्तकला, लोककला, र डिजाइनमा आधारित रचनात्मक उद्योग केन्द्र (Creative Industry Hub) स्थापना; एक जिल्ला एक सांस्कृतिक उत्पादन -(One District–One Cultural Product) अभियान; जातीय/सांस्कृतिक महोत्सव तथा उत्सवहरूको ब्रान्डिङ र प्रवर्द्धन तथा होमस्टे र पर्यटनसँग स्थानीय संस्कृतिको अनुभव (Cultural Experience Tourism) जोड्ने जस्ता कार्यहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।



उपाध्यक्ष

## ४.३ पूर्वाधार क्षेत्र

### ४.३.१ जलस्रोत

नदी प्रणाली, हिमाली जलाधार र भूमिगत जलको उपलब्धताका आधारमा कोशी प्रदेश जलस्रोतको दृष्टिले अत्यन्त समृद्ध प्रदेश मानिन्छ। जलस्रोतको दिगो व्यवस्थापन, सुरक्षित खानेपानी पहुँच, ऊर्जा उत्पादनमा वृद्धि र जलवायु जोखिम न्यूनीकरणका क्षेत्रमा सन्तुलित सुधार ल्याई जलस्रोतमा आधारित दिगो विकास र समृद्ध अर्थतन्त्र निर्माणमा महत्वपूर्ण योगदान पुर्याउनु साथै बाढी, कटान, डुवान, असमान वितरण, प्रदूषण र जलवायु परिवर्तनका असर लगायतका चुनौतीहरूको सामना गर्ने क्षमता समेत अभिबृद्धि गर्ने गरी जलस्रोत क्षेत्रलाई संरक्षण, उपयोग, व्यवस्थापन र दिगोपनका आधारमा अघि बढाउन देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ।

१. **एकीकृत जलस्रोत व्यवस्थापन (Integrated Water Resources Management - IWRM):**
कोशी प्रदेशमा उपलब्ध रहेका नदी, ताल, भूमिगत जल र जलाधार क्षेत्रलाई एकीकृत रूपमा व्यवस्थापन गरी दिगो उपयोग सुनिश्चित गर्न प्रमुख नदी प्रणालीहरूको जलाधार संरक्षण तथा पुनर्स्थापना; नदी बेसिन व्यवस्थापन योजना (River Basin Management Plan) निर्माण र कार्यान्वयन; भूमिगत जलको नियमित अनुगमन र दिगो उपयोग नीति तथा जल उपयोगमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय सुदृढीकरण जस्ता कार्यहरूलाई एकिकृत रुपमा कार्यान्वयनमा ल्याइनेछ।

२. **सुरक्षित खानेपानी तथा जल पहुँच विस्तार:**
प्रत्येक नागरिकलाई सुरक्षित, पर्याप्त र दिगो खानेपानी पहुँच सुनिश्चित गर्न एक घर एक धारा (One House–One Tap) अभियानको तीव्र विस्तार; वर्षाको पानी संकलन (Rainwater Harvesting) प्रणालीलाई प्रभावकारी बनाउने; दुर्गम क्षेत्रमा ग्राभिटी–फेड खानेपानी योजना विस्तार र खानेपानी गुणस्तर परीक्षण तथा पानी सुरक्षा योजना (Water Safety Plan) तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

३. **जलविद्युत तथा नवीकरणीय ऊर्जा प्रवर्द्धन:**
जलस्रोतको दिगो उपयोगमार्फत ऊर्जा उत्पादन वृद्धि र स्थानीय लाभ सुनिश्चित गर्न साना तथा मझौला जलविद्युत परियोजना प्रवर्द्धन; स्थानीय तहसँगको सहकार्यमा सामुदायिक जलविद्युत मोडेल (Community Hydropower Model) तर्जुमा; विद्युत उत्पादनसँगै स्थानीय रोजगारी र लाभ बाँडफाँड प्रणाली तथा नदी प्रवाह (Environmental Flow) कायम राख्ने मापदण्डको निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ।

४. **बाढी, कटान तथा जलवायु जोखिम न्यूनीकरण:**
जलवायु परिवर्तनका कारण हुने जलसम्बन्धी विपद् जोखिम न्यूनीकरण गर्न नदी किनारमा तटबन्ध (Embankment) तथा बायो-इन्जिनियरिङ (Bio-engineering) कार्य; बाढी पूर्वानुमान तथा प्रारम्भिक चेतावनी प्रणाली (Early Warning System) को स्थापना र विस्तार; जोखिमयुक्त बस्तीको सुरक्षित स्थानमा पुनर्वास र जलाधार क्षेत्रमा बृक्षारोपण तथा माटो संरक्षण कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

### ४.३.२ सिंचाई

कोशी प्रदेश कृषिमा आधारित अर्थतन्त्र भएको र हिमाल, पहाड र तराई सम्म फैलिएको प्रदेश भएकाले असमान सिंचाई पहुँच, मौसमी निर्भरता, पुराना संरचना र पानी खेर जाने जस्ता समस्याहरूको दिगो समाधानका लागि सिंचाई प्रणालीलाई जलवायु स्मार्ट, समान पहुँचयुक्त, दिगो र उत्पादनमुखी बनाउन आवश्यक भएको देखिदा पानी उपयोग दक्षता वृद्धि, कृषि उत्पादनमा वृद्धि, जलवायु अनुकूलन क्षमता विकास र ग्रामीण अर्थतन्त्रको सुदृढीकरणको माध्यमबाट सिंचाईमा आधारित कृषि रूपान्तरण र खाद्य सुरक्षा सुनिश्चिततामा महत्वपूर्ण योगदान पुर्याउन देहाय बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१. **जलवायु–स्मार्ट र दिगो सिंचाई प्रणाली विकास:**
जलवायु परिवर्तनलाई ध्यानमा राख्दै दिगो र पानी बचत प्रविधि मार्फत आधुनिक सिंचाई प्रणाली विस्तार गर्न थोपा (Drip) तथा स्प्रिंकलर सिंचाई (Sprinkler Irrigation) प्रणाली विस्तार; मौसमी पानी संकलनका लागि सानो जलाशय तथा पोखरी सिंचाई



उपाध्यक्ष

(Small Reservoir/Pond Irrigation); नदी नालामा आधारित परम्परागत कुलो प्रणालीको पुनःसंरक्षण र उपयोग तथा जलवायु जोखिम अनुसार लचिलो सिंचाई तालिका (Flexible Irrigation Scheduling) प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

२. **सबै कृषियोग्य भूमिमा सिंचाई पहुँच विस्तारः**
कृषि भूमिमा समान र भरपर्दो सिंचाई पहुँच सुनिश्चित गर्न एक फार्म एक -सिंचाई पहुँच (One Farm–One Irrigation Access) अभियान; तराई क्षेत्रमा लिफ्ट सिंचाई (Lift Irrigation) प्रणाली विस्तार; पहाडी क्षेत्रमा ग्राभिटी–फेड सिंचाई प्रणालीको स्थापना र विस्तार तथा सिंचाई नपुगेका क्षेत्रमा नयाँ सिंचाई योजना पहिचान गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३. **सिंचाई पूर्वाधार मर्मत, आधुनिकीकरण र दक्षता सुधारः**
पुराना सिंचाई प्रणालीहरूको पुनःसंरचना र पानी उपयोग दक्षता वृद्धि गर्न पुराना कुलो तथा नहर प्रणालीको पुनरनिर्माण र स्तरीकरण (Rehabilitation and Lining); पानी चुहावट नियन्त्रणका लागि आधुनिक नहर व्यवस्थापन प्रणाली (modern canal management system); सिंचाई संरचनामा स्मार्ट पानी अनुगमन प्रणाली (Smart Water Monitoring System) तथा पानी प्रयोगकर्ता समूहहरू (Water User Associations) सुदृढीकरण र क्षमता विकास जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ।

४. **कृषि उत्पादनसँग जोडिएको सिंचाई उपयोगः**
सिंचाईलाई केवल पूर्वाधार नभई कृषि उत्पादन वृद्धि गर्ने साधनका रूपमा प्रयोग गर्न उद्योग, कृषि तथा सहकारी मन्त्रालयर सम्बन्धित स्थानीय तहसँगको समन्वय र साझेदारी समेतमा सिंचाई उपलब्ध क्षेत्रहरूमा उच्च मूल्य बाली (Cash Crops) प्रवर्द्धन; कृषि उत्पादनसँग जोडिएको कमाण्ड क्षेत्र विकास कार्यक्रम (Command Area Development Program); किसानलाई सिंचाईमा आधारित कृषि तालिम र प्राविधिक सहयोग तथा बजार पहुँच र मूल्य श्रृंखला (Value Chain) विकास कार्यक्रम सन्चालन गरिनेछ।

### ४.३.३ जलविद्युतः
कोशी प्रदेश जलस्रोत र नदी प्रणालीका हिसाबले जलविद्युत उत्पादनको अधिक सम्भावना भएको प्रदेश भएको। यस क्षेत्रको विद्यमान सम्भावना अनुसार उत्पादन, स्थानीय लाभ बाँडफाँड, प्रसारण पूर्वाधार र वातावरणीय सन्तुलनमा देखा परेका चुनौतीहरूको सामना गर्दै आवश्यकताका आधारमा संघीय, अन्तर प्रदेश र स्थानीय सरकार समेतको समन्वय र साझेदारीमा दिगो समाधान र व्यवस्थापनका साथ ऊर्जा उत्पादनमा वृद्धि, लगानी आकर्षण, पूर्वाधार विकास तथा वातावरणीय सन्तुलन र सामाजिक न्याय जस्ता क्षेत्रमा सुधार ल्याएर दिगो ऊर्जा विकास र आर्थिक रूपान्तरण तथा जलविद्युत क्षेत्रलाई दिगो, समावेशी, स्थानीय लाभमुखी र लगानी मैत्री जस्ता क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउन अन्तर सरकार समन्वय गरी देहाय बमोजिमका महत्वपूर्ण नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

१. **साना तथा मझौला जलविद्युत (Mini/Micro Hydro) प्रवर्द्धनः**
स्थानीय स्रोत र समुदायको सहभागितामा आधारित साना जलविद्युत परियोजनाहरूलाई प्राथमिकताका साथ कार्यन्वयनमा ल्याउन ग्रामीण तथा दुर्गम क्षेत्रमा माइक्रो हाइड्रो परियोजना (Micro Hydro Project) विस्तार; समुदाय आधारित सामुदायिक जलविद्युत मोडेल (Community Hydropower Model) विकास; एक द्वार प्रणाणी (One-Window System) मार्फत निजी क्षेत्रलाई सरल अनुमति प्रक्रिया तथा स्थानीय उत्पादन र खपत जोड्ने अफग्रिड-मिनी / ग्रिड- (off-grid / mini-grid) प्रणाली विस्तार जस्ता कार्यक्रमहरू सन्चालन व्यवस्थापन गरिनेछ।

२. **ठूला, मझौला तथा साना जलविद्युत लगानी आकर्षण तथा सार्वजनिक निजी साझेदारी (PPP):**
ठूला लगायतका सम्भाव्य सवै प्रकार र प्रकृतिका मझौला तथा साना जलविद्युत परियोजना निजी लगानी र सार्वजनिक निजी साझेदारी (PPP) मोडेललाई जोखिम बाँडफाँटको स्पष्ट मार्ग चित्र तयार गरी प्रोत्साहन समेत गर्न जलविद्युत लगानी सहजीकरण डेस्क (Hydropower Investment Facilitation Desk) को स्थापना; लगानीकर्ताका लागि अनुमति प्रक्रिया सरलीकरण र समयसीमा तोक्ने प्रणालीको विकास; संघीय सरकारसँग समन्वय गरी निर्माण सन्चालन र हस्तान्तरण (बुट मोडेल -


उपाध्यक्ष

BOOT/PPP) परियोजना विकास तथा विदेशी लगानी आकर्षणका लागि लगानी प्रवर्द्धन रोड शो वा अन्तर प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानी सम्मेलन (Investment Promotion Roadshow as well as Inter-Provincial, National and International Investment Conferences) जस्ता कार्यक्रमहरूलाई प्रभावकारी बनाइनेछ।

३. **प्रसारण लाइन तथा ऊर्जा पूर्वाधार सुदृढीकरणः**
उत्पादित विद्युतको प्रभावकारी वितरणका लागि प्रसारण र वितरण पूर्वाधार विस्तार लाई प्रभावकारी बनाउन संघीय सरकारको सहयोग र साझेदारीमा उच्च क्षमताका प्रसारण लाइन (Transmission Line) विस्तार परियोजना; उत्पादन क्षेत्रदेखि उपभोग केन्द्रसम्म घाटा न्यूनीकरण (Loss Reduction) प्रणालीको विकास र प्रवन्ध; स्मार्ट ग्रिड (Smart Grid) प्रविधिको प्रारम्भिक प्रयोग तथा विद्युत आपूर्तिमा स्थायित्व र निरन्तरता (Reliability Improvement) लगायतका कार्यक्रम कार्यान्वयन गरिनेछ।

४. **वातावरणीय दिगोपन तथा स्थानीय लाभ बाँडफाँडः**
जलविद्युत विकासलाई वातावरणीय सन्तुलन र स्थानीय समुदायको प्रत्यक्ष लाभसँग जोडेर जलजीव, पारिस्थितिकी तन्त्र र मानव उपयोगबीच सन्तुलन कायम गर्न नदी, खोलानाला वा जलाशयमा पानीको बहाव वा उपस्थिति कायम राख्न प्राकृतिक रूपमा आवश्यक पर्ने नदी प्रवाह संरक्षणका लागि वातावरणीय प्रवाह (Environmental Flow System) प्रणालीको अनिवार्य कार्यान्वयन; जलविद्युत आयोजनाबाट प्राप्त रोयल्टीको स्थानीय तहमा पारदर्शी बाँडफाँड; प्रभावित समुदायका लागि रोजगारी, सीप विकास र पुनरस्थापना तथा जलाधार संरक्षण तथा वृक्षारोपण जस्ता आधारभूत कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।

### ४.३.४ सौर्य तथा अन्य नविकरणीय उर्जा

कोशी प्रदेशमा जलविद्युतको राम्रो सम्भावना भए पनि ऊर्जा माग बढ्दो छ भने ग्रामीण क्षेत्रमा अझै अस्थिर आपूर्ति र जलवायु परिवर्तनको दबाब समेत बडिरहेको अवस्था छ। त्यसैले सौर्य तथा अन्य नवीकरणीय ऊर्जा (हावा, बायोग्यास, मिनी–ग्रिड आदि) लाई विकेन्द्रित, दिगो, लगानीमैं त्री र जनस्तरमैं पहुँचयोग्य बनाउन ऊर्जा पहुँच विस्तार, निजी लगानी आकर्षण, प्रविधिगत आधुनिकीकरण र वातावरणीय दिगोपन जस्ता क्षेत्रमा सुधार ल्याई स्वच्छ, आत्मनिर्भर र दिगो ऊर्जा प्रणाली निर्माण गर्न देहाय बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१. **विकेन्द्रित सौर्य ऊर्जा विस्तार (Decentralized Solar Energy Expansion):**
ग्रामीण, दुर्गम र ऊर्जा पहुँच कम भएका क्षेत्रमा सौर्य ऊर्जा प्रणालीलाई प्राथमिकताका साथ विशेष गरी हिमाली र पहाडी जिल्ला तथा स्थानीय तह लक्षित दुर्गम घरपरिवारमा प्राथमिकता दिदै सबैका लागि सौर्य गृह प्रणाली (Solar Home System for All) जस्तो लक्षित अभियान; सामुदायिक भवन, विद्यालय र स्वास्थ्य संस्थामा सौर्य मिनी ग्रिड (Solar Mini Grid) स्थापना; कृषि सिंचाईका लागि सौर्य पम्पिङ प्रणाली (Solar Pumping System) विस्तार तथा स्थानीय तहमार्फत सौर्य उपकरणमा सहुलियत/अनुदान प्रदान जस्ता कार्यक्रमहरू सन्चालन गरिनेछ।

२. **नवीकरणीय ऊर्जा लगानी प्रवर्द्धन तथा निजी क्षेत्र सहभागिताः**
निजी क्षेत्र र समुदायलाई नवीकरणीय ऊर्जा उत्पादनमा आकर्षित गर्न नवीकरणीय ऊर्जा लगानी सहजीकरण डेस्क (Renewable Energy Investment Facilitation Desk) स्थापना; सौर्य, बायोग्यास र वायु ऊर्जा परियोजनाका लागि एक द्वार प्रणाली (One-Window Approval System); सार्वजनिक निजी साझेदारी (PPP) मोडेलको ठूलो परियोजना विकास तथा घरेलु उद्योग र व्यवसायमा सौर्य छाना प्रणाली (Solar Rooftop System) प्रवर्द्धन लगायतका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

३. **ग्रिड एकीकरण तथा ऊर्जा भण्डारण (Energy Storage & Smart Grid):**
नवीकरणीय ऊर्जालाई राष्ट्रिय ग्रिडसँग प्रभावकारी रूपमा जोड्दै ऊर्जा स्थायित्व सुनिश्चित गर्न सौर्य ऊर्जा उत्पादनलाई राष्ट्रिय ग्रिड एकीकरण प्रणाली (Grid Integration System) सँग जोड्ने; ऊर्जा भण्डारणका लागि ब्याट्री भण्डारण प्रणाली (Battery Storage System) विस्तार; स्मार्ट मिटरिङ्ग र ऊर्जा व्यवस्थापन प्रणाली तथा पीक आवरमा विद्युत व्यवस्थापनका लागि हाइब्रिड ऊर्जा प्रणाली (जलविद्युत + सौर्य) को विकास गरिनेछ।



उपाध्यक्ष

४. **स्वच्छ ऊर्जा पहुँच र जलवायु–अनुकूलनः**
नवीकरणीय ऊर्जामार्फत वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन क्षमता वृद्धि गर्न बायोग्यास र विद्युतीय चुल्हो प्रवर्द्धन गर्दै स्वच्छ खाना पकाउने ऊर्जा कार्यक्रम (Clean Cooking Energy Program); ग्रामीण क्षेत्रमा दाउरा प्रतिस्थापन; जलवायु–मैत्री ऊर्जा प्रयोगमा जनचेतना अभियान तथा कार्बन उत्सर्जन न्यूनीकरणका लागि हरित ऊर्जा प्रोत्साहन योजना (Green Energy Incentive Scheme) कार्यान्वयन गरिनेछ ।

### ४.३.५ यातायात पूर्वाधारः

कोशी प्रदेशको हिमाल, पहाड र तराईको सङ्गम सहितको भौगोलिक विविधता, हिमाली तथा पहाडी क्षेत्रबाट भइरहेको बसाइँसराइको तिब्रता र तराइ क्षेत्रको बढ्दो सहरीकरण, सीमित क्षेत्रहरूमा मात्र व्यापारिक केन्द्रहरूको विस्तार र समग्र रुपमा रहेको यातायात असन्तुलनलाई ध्यानमा राख्दै आर्थिक गतिविधिमा वृद्धि, सेवा पहुँचमा थप सुधार र क्षेत्रीय सन्तुलित विकासमा महत्वपूर्ण योगदान पुर्याउन यातायात पहुँच विस्तार, पूर्वाधार गुणस्तर सुधार, सुरक्षा र वातावरणीय सन्तुलन तथा ग्रामीण–सहरी कनेक्टिभिटीका क्षेत्रमा सुधार ल्याउन अनिवार्य रहेकाले यातायात पूर्वाधारलाई सुरक्षित, सुलभ, दिगो र एकीकृत बनाउन देहाय बमोजिमका महत्वपूर्ण नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।

१. **एकीकृत यातायात सञ्जाल विकास (Integrated Transport Network):**
हिमाली र पहाडी जिल्लाका स्थानीय तहहरूलाई प्रथम प्राथमिकतामा राख्दै प्रदेशभर सडक, सार्वजनिक यातायात र सहरी यातायातलाई एकीकृत प्रणालीमा विकास गर्न प्रमुख राजमार्ग, सहायक सडक र ग्रामीण सडकलाई एकीकृत नेटवर्क योजना (Transport Master Plan) अनुसार जोड्ने; मुख्य शहर केन्द्रमा ग्रामीण कनेक्टिभिटीको सुनिश्चितताका लागि कुनै एक प्रमुख केन्द्र लाई आधार बनाएर त्यससँग साना–ठूला सहायक सडकहरू जोडिने प्रकारको सडक सञ्जाल प्रणाली हब र स्पोक मोडेल (**Hub and Spoke Model**) विकास; प्रमुख शहर तथा बजार केन्द्रहरूमा बस पार्क, टर्मिनल र ट्रान्जिट केन्द्रहरूको **आधुनिक व्यवस्थापन** तथा अन्तरजिल्ला सार्वजनिक यातायात समन्वय प्रणाली स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. **सडक पूर्वाधार गुणस्तर सुधार तथा दिगो मर्मतः**
सडकको गुणस्तरको सनिस्चितता र दीर्घकालीन मर्मत प्रणालीलाई प्राथमिकता दिन मर्मत सम्भार कोषको व्यवस्थापन गरी नियमित सडक मर्मत प्रणाली (Routine Road Maintenance System) लागू; हिमाली र पहाडी क्षेत्रमा जैविक इन्जिनियरिङ (Bio-Engineering) सहितको सडक स्थिरीकरण; कालोपत्रे सडकमा गुणस्तर परीक्षण र निगरानी प्रणाली तथा पहिरो, डुवान, बाढी लगायतका कारण विपद् प्रभावित सडकहरूको तत्काल पुनःनिर्माण योजना कार्यान्वयनमा ल्याइनेछ । साथै पहाडी ग्रामीण सडकहरुलाई स्तरोन्ति गर्दा वातावरणमैत्री प्रविधिको प्रयोग गर्न गुणस्तरीय ढुङ्गा सोलिङ प्रणाली तथा Cobble System ( ढुङ्गाका साना ठूला टुक्रा मिलाउने) लागू गर्न प्रोत्साहन गरिनेछ।

३. **सुरक्षित र वातावरणमैं त्री यातायात प्रणाली प्रवर्द्धनः**
यातायात प्रणालीलाई सुरक्षित, कम प्रदूषणयुक्त र जलवायु अनुकूल बनाउन तथा सडक दुर्घटान न्यूनिकरण गर्न सडक सुरक्षा कार्य योजना (Road Safety Action Plan) कार्यान्वयन; सार्वजनिक यातायातमा विद्युतीय सवारी साधन (EV) **प्रवर्द्धन**; धुवाँ उत्सर्जन नियन्त्रणका लागि सवारी साधन निरीक्षण र उत्सर्जन परीक्षण (Vehicle Inspection & Emission Testing) तथा पैदल यात्री र साइकल यातायातका लागि सुरक्षित पैदल मार्ग र साइकल लेनहरू को व्यवस्थापन गरिदै लगिनेछ ।

४. **ग्रामीण पहुँच विस्तार तथा पहाडी–हिमाली कनेक्टिभिटीः**
प्रदेश सरकारको पहिचान झल्कने गरी हिमाली र पहाडी जिल्ला तथा स्थानीय तहका दुर्गम क्षेत्रसम्म सडक पहुँच विस्तार गरी आर्थिक र सामाजिक समानता सुनिश्चित गर्न सबै मौसमी ग्रामीण सडक कार्यक्रम (**All Weather Rural Road Program**) विस्तार; पहाडी/हिमाली क्षेत्रमा **झोलुङ्गे पुल र ग्रामीण सडक विस्तार**; कृषि उत्पादन बजारसँग जोड्न खेतदेखि बजारसम्म



उपाध्यक्ष

सडक सञ्जाल (**Farm-To-Market Road Network**) तथा दुर्गम बस्तीमा आपतकालीन पहुँच (Emergency Access Roads) निर्माण गरिनेछ।

५. **सडक सुरक्षा र दुर्घटना न्यूनीकरण**

वढ्दो सडक दुर्घटनालाई न्यूनीकरण गर्न ट्राफिक लाईट, संकेत चिन्ह, तथा वस स्टप निर्धारण व्यवस्थापन कार्यलाई प्रभावकारी वनाईने छ। साथै सडक सुरक्षा सचेतना कार्यक्रम लाई व्यापक वनाई नागरिक सचेतना प्रवर्द्धन गरिनेछ।

### ४.३.६ रज्जुमार्ग, केवलकार, हवाई तथा जल यातायात

यातायात पहुँच विस्तार, पर्यटन विकासमा तीव्रता, लगानी आकर्षण र क्षेत्रीय सन्जाल (कनेक्टिभिटी) सुधार लगायतका क्षेत्रमा सुधार ल्याई बहु–माध्यमिय यातायातमा आधारित दिगो आर्थिक विकास र पर्यटन प्रवर्द्धन सुनिश्चित गर्न हिमाल, पहाड र तराई सहितको कोशी प्रदेशको भौगोलिक विविधता, पर्यटन सम्भावना, दुर्गम बस्ती र सीमित सडक पहुँचलाई ध्यानमा राख्दै रज्जुमार्ग, केवलकार, हवाई तथा जल यातायातलाई बहु-माध्यमिक (Multimodal), सुरक्षित, पर्यटनमैं त्री र आर्थिक रूपमा लाभदायी बनाउन अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाई देहाय बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१. **बहु–माध्यमिय यातायात एकीकरण (Multimodal Transport Integration):**

रज्जुमार्ग, केवलकार, हवाई र जल यातायातलाई एकीकृत यातायात प्रणालीमा विकास गर्न बस, केवलकार, हवाई, जल यातायात जोड्ने गरी एकीकृत यातायात केन्द्र (Integrated Transport Hub) को स्थापना; पर्यटन स्थलहरूलाई केवलकार–रज्जुमार्ग–सडक नेटवर्क मार्फत जोड्ने; सेवा व्यवस्थापनका लागि एकीकृत डिजिटल टिकट प्रणाली (Unified Digital Ticketing System) तथा प्रमुख पर्यटकीय गन्तव्य र दुर्गम क्षेत्रहरूमा बहु–माध्यमिय योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२. **केवलकार तथा रज्जुमार्ग (Cable Car & Ropeway) विस्तारः**

दुर्गम पहाडी क्षेत्र र पर्यटकीय गन्तव्यमा केवलकार तथा रज्जुमार्गलाई द्रुत र सुरक्षित यातायात विकल्पका रूपमा विकास गर्न प्रमुख धार्मिक/पर्यटकीय स्थलमा केबल कार (Cable Car) परियोजना विस्तार; कृषि उत्पादन ढुवानीका लागि कार्गो रोपवे (Cargo Ropeway) प्रणालीको स्थापना र विकास; निजी क्षेत्रसँग PPP मोडेलमा केवलकार विकास तथा सुरक्षाका लागि नियमित प्राविधिक निरीक्षण र सुरक्षा मानक प्रवर्तन (Technical Inspection & Safety Standard Enforcement) को आवश्यक प्रवन्ध गरिनेछ।

३. **हवाई सेवा विस्तार तथा क्षेत्रीय कनेक्टिभिटीः**

दुर्गम जिल्ला र पर्यटन क्षेत्रलाई हवाई सेवामार्फत छिटो र सुरक्षित रूपमा जोड्न विराटनगर, ताप्लेजुङ, भोजपुर लगायतमा क्षेत्रीय विमानस्थल स्तरोन्नति कार्यक्रम (Regional Airport Upgrade Program); दुर्गम क्षेत्रमा आपतकालीन र पर्यटनको लागि हेली सेवा (Heli Service for Emergency & Tourism) विस्तार; निजी एयरलाइन्ससँग सहकार्य गरी दुर्गम क्षेत्र हवाइ कनेक्टिभिटी कार्यक्रम (Remote Air Connectivity Program) सन्चालन; विराटनगर वा भद्रपुर विमानस्थलबाट पर्वतीय उडान (Mountain Flight) को नियमित सन्चालन व्यवस्थापन तथा हवाई भाडा सहुलियत र पर्यटन प्याकेज प्रवर्द्धन जस्ता कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ।

४. **जल यातायात र साहसिक पर्यटन विकासः**

नदी प्रणालीको उपयोग गरी सुरक्षित जल यातायात र साहसिक पर्यटन प्रवर्द्धन गर्न कोशी नदीमा सञ्चालनमा रहेको जल यातायातको थप प्रभावकारिता बढाउदै अन्य नदीमा जल यातायात सम्भाव्यता अध्ययन र पाइलट परियोजना (River Transport Feasibility Study र Pilot Project); साहसिक पर्यटनका लागि र्‍याफ्टिङ, डुङ्गा चलाउनु र पानी खेलकुद विकास (Rafting, Boating र Water Sports Development); जल यातायात विकास गर्न, ढुवानी लागत घटाउन, व्यापार तथा पर्यटन प्रवर्द्धन गर्न, सीमावर्ती तथा दुर्गम क्षेत्रको पहुँच विस्तार गर्न साथै वातावरणमैं त्री यातायात प्रणाली विकास गर्न नदी



उपाध्यक्ष

किनारमा नदी बन्दरगाहजेट्टी पूर्वाधार/ (River Port/Jetty Infrastructure) विकास तथा सुरक्षा मापदण्ड (Safety Protocol) र प्रशिक्षित जनशक्ति विकास लगायतका कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ

**५. रेल मार्ग तथा द्रुत मार्गको सम्भाव्यता अध्ययन**

संघीय सरकार संग समन्वय गर्दै झापाको केचना देखि सगरमाथा सम्म जोड्ने द्रुत मार्ग र चतारा देखी चौरी खर्क सम्म जोड्ने रेलमार्गको सम्भाव्यता अध्ययन गर्ने कार्य आगामी आर्थिक बर्षमा सम्पन्न गर्न पहल गरिनेछ ।

### ४.३.७ सूचना तथा सञ्चार प्रविधि

डिजिटल शासनको विकास र सुदृढीकरण, सेवा प्रवाह सुधार, रोजगारी सिर्जना तथा सूचना सुरक्षा सुनिश्चितका क्षेत्रमा सुधार ल्याई स्मार्ट, पारदर्शी र डिजिटल–मैं त्री प्रदेश प्रशासन निर्माणमा महत्वपूर्ण योगदान पुर्याउन कोशी प्रदेशमा सूचना तथा सञ्चार प्रविधि (ICT) क्षेत्रलाई डिजिटल शासन, सेवा प्रवाहको दक्षता, आर्थिक रूपान्तरण र नवप्रवर्तन (Innovation) को आधार बनाउनु आवश्यक छ । हाल ग्रामीण–सहरी डिजिटल विभाजन, सीमित पूर्वाधार, साइबर सुरक्षा चुनौती र डिजिटल सीप अभाव जस्ता प्रमुख समस्याको सहज समाधानका लागि देहाय बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**१. डिजिटल गभर्नेन्स तथा ई–सेवा विस्तारः**

प्रदेश सरकारबाट प्रवाह हुने सबै प्रकारका सेवा सुविधा डिजिटल माध्यमबाट उपलब्ध गराउँदै कागजविहीन सरकार (Paperless Government) तर्फ उन्मुख हुन सबै मन्त्रालय/निकायमा एकीकृत ई–गभर्नेन्स प्रणाली लागू; सिफारिस, कर, अनुदान नागरिक सेवासँग सम्बन्धित कार्यलाई अनलाइन प्रणालीबाट उपलब्ध; एकल डिजिटल सेवा पोर्टल (Single Digital Service Portal) स्थापना तथा सेवा प्रवाहमा पारदर्शिता र ट्र्याकिङ प्रणाली (Service Tracking System) को कार्यान्वयन गरिनेछ ।

**२. डिजिटल पूर्वाधार विस्तार तथा ग्रामीण कनेक्टिभिटीः**

विशेष गरी हिमाली र पहाडी जिल्लाको वसाइलाई स्थायित्व र दिगो व्यवस्थापनका लागि ग्रामीण र दुर्गम क्षेत्रमा उच्चगतिको इन्टरनेट तथा ICT पूर्वाधार विस्तार गर्न सबै स्थानीय तहमा ब्रडब्यान्ड इन्टरनेट पहुँच विस्तार; दुर्गम क्षेत्रमा सामुदायिक वाइफाइ क्षेत्र (Community Wi-Fi Zone) स्थापना; सरकारी कार्यालय, विद्यालय र स्वास्थ्य संस्थामा फाइबर नेटवर्क जडान तथा निजी सेवा प्रदायकसँग सहकार्य गरी सबैका लागि डिजिटल कनेक्टिभिटी (Digital Connectivity for All) अभियान सन्चालन गरिनेछ ।

**३. डिजिटल सीप विकास तथा आईटी रोजगारी प्रवर्द्धनः**

युवालाई डिजिटल अर्थतन्त्रमा सक्षम बनाउँदै आईटी रोजगारी सिर्जना गर्न युवाका लागि डिजिटल सीप कार्यक्रम (Digital Skills for Youth Program) मार्फत कोडिङ, तथ्याङ्क, AI, साइबर सुरक्षा लगायतका तालिम; IT पार्क/नवप्रवर्तन हव स्थापना; स्टार्टअप र फ्रीलान्सिङका लागि डिजिटल उद्यमशीलता कोष (Digital Entrepreneurship Fund) तथा विद्यालय र क्याम्पसमा ICT आधारित पाठ्यक्रम विस्तार जस्ता कार्यक्रमलाई प्रथम प्राथमिकातामा राखेर कार्यान्वयनमा ल्याइनेछ ।

**४. साइबर सुरक्षा, तथ्याङ्क सुरक्षा र डिजिटल सुशासनः**

डिजिटल प्रणाली सुरक्षित, विश्वसनीय र जिम्मेवार बनाउन तथा साइबर सुरक्षा सुदृढ गर्न प्रादेशिक साइबर सुरक्षा रूपरेखा (Provincial Cyber Security Framework) लागू; सरकारी प्रणालीमा तथ्याङ्क सुरक्षा नीति (Data Protection Policy); साइबर अपराध रोकथामका लागि साइबर जागरूकता अभियान (Cyber Awareness Campaign) तथा डिजिटल सेवा अनुगमन र सुरक्षा परीक्षण (Security Audit) नियमित गर्ने लगायतका कार्यहरूलाई प्रभावकारी बनाइनेछ ।

### ४.३.८ विज्ञान तथा प्रविधि

कोशी प्रदेशमा विज्ञान तथा प्रविधि क्षेत्रलाई परम्परागत सहयोगी क्षेत्रबाट माथि उठाउँदै उत्पादन, नवप्रवर्तन (Innovation), सेवा सुधार र ज्ञानमा आधारित अर्थतन्त्रको मूल आधारका रूपमा विकास गर्न तथा डिजिटल रूपान्तरण, कृषि तथा उद्योगको आधुनिकीकरण, जलवायु



उपाध्यक्ष

चुनौती र युवा जनशक्ति व्यवस्थापनलाई ध्यानमा राख्दै दक्ष जनशक्ति विकास र प्रविधिमैं त्री उत्पादन प्रणाली जस्ता क्षेत्रमा सुधार ल्याउन देहाय बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१. **अनुसन्धान, नवप्रवर्तन र स्टार्टअप प्रवर्द्धनः**
विज्ञान तथा प्रविधिमा आधारित अध्ययन अनुसन्धान (R&D) र नवप्रवर्तनलाई प्रदेश विकासको केन्द्रमा राख्न विश्वविद्यालय, उद्योग र प्रदेश सरकार सम्मिलित ट्रिपल हेलिक्स मोडेल (Triple Helix Model) सहकार्य; कृषि, स्वास्थ्य, ऊर्जा क्षेत्रमा व्यावहारिक अनुसन्धान कार्यक्रम (Applied Research Program) तथा युवा वैज्ञानिक र आविष्कारकर्ताका लागि नवप्रवर्तन अनुदान र पुरस्कार (Innovation Grant & Award) जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. **डिजिटल प्रविधि र स्मार्ट सेवा प्रणाली विस्तारः**
सार्वजनिक सेवा र उत्पादन प्रणालीलाई स्मार्ट र प्रविधिमैं त्री बनाउन प्रदेश सरकारका सबै सेवामा डिजिटल रूपान्तरण (Digital Transformation) विस्तार; कृषि, स्वास्थ्य, शिक्षा क्षेत्रमा स्मार्ट प्रविधि एकीकरण (Smart Technology Integration); स्मार्ट प्रादेशिक पहल (Smart Province Initiative) तथा स्थानीय तहमा डिजिटल सेवा केन्द्र स्थापना जस्ता कार्यक्रम कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ।

३. **प्राविधिक शिक्षा तथा मानव संसाधन विकासः**
विज्ञान तथा प्रविधिमा दक्ष जनशक्ति उत्पादन गरी रोजगारी र उद्यमशीलता वृद्धि गर्न विद्यालयदेखि उच्च शिक्षासम्म मा "STEM (Science, Technology, Engineering, Mathematics) Education" प्रणालको थप विकास र विस्तार; प्राविधिक कलेज/पोलिटेक्निक संस्थाहरू सुदृढीकरण; युवाहरूको लागि डिजिटल सीप र कोडिङ कार्यक्रम (Digital Skills & Coding Program for Youth) तथा उद्योगसँग जोडिएको Apprenticeship र Internship प्रणाली लाई सरोकारवालाहरूको सहयोग, सहकार्य र साझेदारीमा प्रभावकारी बनाएर कार्यान्वयनमा ल्याइन प्राथमिकता दिइनेछ।

४. **कृषि, उद्योग र जलवायु क्षेत्रमा प्रविधि उपयोगः**
विज्ञान तथा प्रविधिलाई उत्पादन वृद्धि, जलवायु अनुकूलन र औद्योगिक विकाससँग जोड्न ड्रोन, सेन्सर, मौसम आधारित खेती प्रणाली आधारित स्मार्ट (Smart Agriculture); उद्योगमा स्वचालन र उद्योग तथा उत्पादन क्षेत्रमा **डिजिटल** प्रविधि, स्वचालन, कृत्रिम बौद्धिकता (AI), इन्टरनेट अफ थिङ्स (IoT), रोबोटिक्स, बिग डाटा, क्लाउड कम्प्युटिङ आदि प्रविधिको प्रयोग गरी उद्योगलाई "स्मार्ट" बनाउने चौथो औद्योगिक क्रान्तिमा आधारित उद्योग ४ (Automation and Industry 4.0) प्रविधिको स्थापना र प्रवर्द्धन; जलवायु पूर्वानुमान र विपद् व्यवस्थापनमा GIS/रिमोट सेन्सिङ प्रणाली तथा नवीकरणीय ऊर्जा र हरित प्रविधि (Green Technology) प्रवर्द्धन लगायतका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा गर्ने वातावरण बनाइनेछ।

### ४.३.९ सहरी तथा ग्रमिण विकास

कोशी प्रदेशको हिमाल, पहाड र तराई सम्म फैलिएको विविध भू-संरचना, तराई केन्द्रित तिव्र सहरीकरण, हिमाली तथा पहाडी क्षेत्रबाट भइरहेको बढ्दो बसाइँसराइ र तराई तथा शहर केन्द्रित भीडलाई सन्तुलनमा ल्याउन स्थान आधारित विकास (Place Based Development) अनिवार्य हुन्छ। तसर्थ बसाइँसराइ नियन्त्रण (Reverse Migration), हिमाली तथा पहाडी क्षेत्रमा औद्योगिक विकास, सन्तुलित सहरीकरण र स्थानीय अर्थतन्त्र सुदृढीकरणका क्षेत्रमा दिगो प्रभाव पार्ने गरी बहुकेन्द्रित (Polycentric), समावेशी र दिगो क्षेत्रीय विकास मोडेल निर्माणमा निर्णायक भूमिका खेल्ने गरी देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ।

१. **पहाडी–हिमाली औद्योगिक शहर विकास (Hill & Mountain Industrial Towns):**
विशेषगरी हिमाली र पहाडी जिल्लामा औद्योगिक शहर विकास गरेर वर्तमान अवस्थाको बसाईंसराइलाई उतै फर्काउने (Reverse Migration) दीर्घकालीन लक्ष्यका साथ सम्बन्धित क्षेत्रमा उत्पादन हुने वा विद्यमान प्रकृतिक स्रोतलाई कच्चा पदार्थको रुपमा उपयोग गर्ने गरी प्राकृतिक स्रोत, सीप र स्थानीय उत्पादनमा आधारित विशेष औद्योगिक शहर (Specialized Industrial Towns) विकास गर्न सम्भाव्यता अध्ययन; ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, संखुवासभा, सोलुखुम्बु, ओखलढुंगा आदि



उपाध्यक्ष

जिल्लामा औद्योगिक शहर विकास क्षेत्रहरू (Industrial Town Development Zones) घोषणा; जडीबुटी, कृषि, पर्यटन, हस्तकला, जलविद्युतमा आधारित उद्योग स्थापना; स्कूल, अस्पताल, सडक सहितका उद्योगसँग जोडिएको कामदार आवास र सामाजिक पूर्वाधार (Worker Housing & Social Infrastructure) तथा निजी क्षेत्रलाई आकर्षित गर्न कर छुट, सहुलियत ऋण र PPP मोडेल जस्ता कार्यक्रमहरूलाई एकीकृत रुपमा कार्यान्वयन गर्ने प्रवन्ध गरिनेछ।

२. **सन्तुलित बसोबास तथा बसाइँसराइ नियन्त्रण:**
तराई र शहरमा अत्यधिक भीड घटाई हिमाली र पहाडी क्षेत्रमा जनसंख्या बृद्धि तथा स्थायित्व कायम गर्न फर्कने परिवारलाई आवास/अनुदान (Reverse Migration Incentive Program); पहाडी क्षेत्रमा बसोबास गर्ने परिवारका लागि आवास तथा जग्गा सहयोग योजना (Housing & Land Support Scheme); जोखिमयुक्त बस्तीको सुरक्षित स्थानान्तरण र नयाँ बस्ती विकास तथा स्थानीय रोजगारीसँग जोडिएको बसोबास सम्बन्धित-जीविकोपार्जन कार्यक्रम (Settlement-linked Livelihood Program); स्मार्ट शहर सहितको पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने गरी मिनि नेपालको निर्माण जस्ता महत्वपूर्ण अभियानगत कार्यक्रम सन्चालन गरिनेछ।

३. **ग्रामीण–सहरी सन्तुलित पूर्वाधार तथा सेवा विकास:**
हिमाली तथा पहाडी क्षेत्रलाई मानव वसोबास योग्य आकर्षणको केन्द्र बनाउन शिक्षा, स्वास्थ्य, यातायात र डिजिटल सेवालाई समान रूपमा विस्तार गर्न अनिवार्य रहेकाले यसका लागि शिक्षा, स्वास्थ्य, पानी, इन्टरनेट जस्ता न्यूनतम सेवा प्रवाह (Minimum Service Guarantee in Rural Areas); पहाडी क्षेत्रमा सवै मौसममा सन्चालन योग्य सडक सञ्जालको विस्तार (All-Weather Road र Connectivity Expansion) ; डिजिटल पूर्वाधार (Internet, e-service) ग्रामीण क्षेत्रमा विस्तार तथा बजार केन्द्र (Rural Market Hubs) को स्थापना र विकास लाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ।

४. **स्थानीय स्रोतमा आधारित अर्थतन्त्र र क्लस्टर विकास:**
प्रत्येक हिमाली तथा पहाडी जिल्लामा स्थानीय स्रोतमा आधारित आर्थिक क्लस्टर विकास गर्न कृषि, पशुपालन, जडीबुटी, पर्यटन र लघु उद्योगमा आधारित आर्थिक क्षेत्रको विकास (Economic Cluster Development); एक जिल्ला एक औद्योगिक पहिचान (One District One Industrial Identity) कार्यक्रम; स्थानीय उत्पादनको प्रशोधन, ब्रण्डिङ र बजार सम्बन्ध (Processing, Branding र Market Linkage) तथा सहकारी र स्थानीय उद्यममार्फत मूल्य श्रृङ्खला विकास (Value Chain Development) समेतका कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन ल्याइनेछ।

## ४.४ वन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन र विपद् व्यवस्थापन

### ४.४.१ वन

कोशी प्रदेशको भौगोलिक अवस्थिति, उच्च जैविक विविधता, जलाधार क्षेत्रहरूको संवेदनशीलता र जलवायु परिवर्तनको बढ्दो असरलाई ध्यानमा राख्दै वन क्षेत्रलाई केवल संरक्षण मात्र नभई आयआर्जन, जलवायु सन्तुलन र जीविकोपार्जनसँग जोडिएको बहुआयामिक प्रणालीका रूपमा विकास गर्न आवश्यक छ। तसर्थ जैविक विविधता संरक्षण, जलाधार सुरक्षा, स्थानीय आय वृद्धि र जलवायु परिवर्तन अनुकूलनका क्षेत्रमा सुधार ल्याई दिगो वन व्यवस्थापन र हरित अर्थतन्त्रमा आधारित प्रदेश विकासको आधार सुनिश्चित गर्न देहाय बमोजिमका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

१. **एकीकृत वन तथा जलाधार संरक्षण (Integrated Forest & Watershed Management):**
वन, जलाधार र जैविक विविधतालाई एकीकृत रूपमा संरक्षण गर्दै दिगो व्यवस्थापन गर्न कोशी प्रदेशका प्रमुख जलाधार क्षेत्रहरूको संरक्षण तथा पुनर्स्थापना (Watershed Restoration Program); नदी किनारमा तटबन्ध सहित वृक्षारोपण (Riverbank Afforestation); पहिरो तथा बाढी प्रभावित क्षेत्रमा बायो इन्जिनियरिङमा आधारित वन संरक्षण र वन क्षेत्रको GIS आधारित नक्सांकन र निगरानी प्रणाली लगायतका कार्यक्रम व्यवस्थित रुपमा सन्चालन गरिनेछ।


उपाध्यक्ष

२. **सामुदायिक वन सुदृढीकरण तथा आयआर्जनः**

सामुदायिक वनलाई संरक्षण मात्र नभएर स्थानीय आर्थिक विकासको आधारको रुपमा स्थापित गर्न सामुदायिक वन उपभोक्ता समूहलाई आयमूलक वन उद्यम (Timber, Non-Timber Products); जडीबुटी खेती र प्रशोधन (Herbal Farming & Processing) प्रवर्द्धन; समुदायमा आधारित वन उद्यम विकास (Community Forest Enterprise Development Program) तथा लाभ बाँडफाँड प्रणाली (Benefit Sharing Mechanism) सुदृढीकरण जस्ता कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।

३. **वन पुनःस्थापना, हरित क्षेत्र विस्तार र जलवायु अनुकूलनः**

वन विनाश रोक्दै हरित क्षेत्र विस्तार र जलवायु अनुकूलन क्षमता वृद्धि गर्न व्यापक वृक्षारोपण अभियान अन्तरगत हरित कोशी अभियान (Green Koshi Campaign); खाली तथा क्षयग्रस्त वन क्षेत्रमा पुनर्वनीकरण र वनीकरण (Reforestation and Afforestation); जलवायु संवेदनशील प्रजाति (Climate Resilient Species) रोपण तथा सहरी क्षेत्रमा Urban Forestry र Green Belt विकास गरिनेछ ।

४. **वन–आधारित उद्यम र हरित अर्थतन्त्र प्रवर्द्धनः**

वन स्रोतलाई दिगो रूपमा उपयोग गर्दै हरित अर्थतन्त्र (Green Economy) विकास गर्न काठ, कागज, फर्निचर, जडीबुटी प्रशोधनमा आधारित वनमा आधारित उद्योगहरूको विकास प्रवर्द्धन (Forest-Based Industries Development); कार्बन व्यापार (Carbon Credit) र वन फँडानी र वन क्षयबाट उत्सर्जन घटाउने (Reducing Emissions from Deforestation and Forest Degradation) कार्यक्रम विस्तार; निजी क्षेत्रसँगको सहकार्यमा वन उत्पादन मूल्य श्रृंखला विकास (Forest Product Value Chain Development) तथा समुदायमा आधारित वन पर्यटन (Community Based Eco-Tourism) प्रवर्द्धन जस्ता कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

### ४.४.२ वातावरण

भौगोलिक विविधता, तीव्र सहरीकरण, वन जलाधारमा निर्भर जीवनशैली र पहिरो, बाढी, खडेरी, तापक्रम वृद्धि जस्ता जलवायु परिवर्तनका असरहरूलाई केन्द्रमा राखी वातावरण संरक्षणलाई दिगोपना, जलवायु अनुकूलन, प्रदूषण नियन्त्रण र हरित अर्थतन्त्रसँग जोडेर जलवायु जोखिम न्यूनीकरण, बहु प्रदूषण नियन्त्रण, हरित शहर विकास र जैविक विविधता संरक्षण लगायतका क्षेत्रमा सुधार ल्याई स्वच्छ, हरित र जलवायु–सहिष्णु (Climate-Resilient) प्रदेश निर्माण गर्न देहाय बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१. **जलवायु अनुकूलन तथा विपद्–प्रतिरोधी वातावरणः**

जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै वातावरणीय जोखिम घटाउन बाढी, पहिरो, खडेरीको जोखिम क्षेत्रको जलवायु जोखिम नक्साङ्कन (Climate Risk Mapping); सडक, भवन, पुल निर्माणमा जलवायु उत्थानशील पूर्वाधार कार्यक्रम (Climate Resilient Infrastructure Program) लागू; पहाडी क्षेत्रमा बायोइन्जिनियरिङ- आधारित भू–संरक्षण कार्य तथा स्थानीय तहमा जलवायु अनुकूलन योजना (Local Climate Action Plan) को कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

२. **वायु, पानी र माटो प्रदूषण नियन्त्रण तथा सुधारः**

प्रदूषण नियन्त्रण गरी स्वच्छ वातावरण सुनिश्चित गर्न सहरी क्षेत्रमा वायु गुणस्तर निगरानी प्रणाली (Air Quality Monitoring System) सुरुवात; उद्योग तथा सवारीसाधनमा उत्सर्जन नियन्त्रण र परीक्षण (Emission Control & Testing) प्रणालीको प्रभावकारीता बृद्धि; नदी, ताल र जलस्रोतमा फोहोर पानी प्रशोधन (Wastewater Treatment) को अनिवार्यता तथा प्लास्टिकजन्य फोहोर नियन्त्रणका लागि एकल-प्रयोग प्लास्टिक न्यूनीकरण (Single-use Plastic Reduction) अभियान लगायतका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।

३. **हरित शहर र दिगो बस्ती विकास (Green Cities & Settlements):**
शहर तथा ग्रामीण बस्तीलाई हरित, स्वच्छ र वातावरणमैं त्री बनाउन शहर वरिपरि वृक्षारोपण कार्यक्रम (Green Belt Development Program); सार्वजनिक पार्क, खुला क्षेत्र र हरित संरचना विस्तार; हरित भवन निर्माण (Green Building Standard) को अनिवार्यता तथा 3R (Reduce, Reuse, Recycle) प्रणालीमा आधारित ल्याण्डफिल तथा डम्पिङ साइट बिहिन फोहोर व्यवस्थापन जस्ता कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहहरूसँगको समन्वय र सहकार्यमा प्रभावकारी बनाइनेछ।

४. **जैविक विविधता संरक्षण र प्राकृतिक स्रोत व्यवस्थापनः**
वन, वन्यजन्तु, जलाधार र पारिस्थितिक प्रणालीको संरक्षण गर्न संरक्षित क्षेत्र र जैविक विविधता क्षेत्रको संरक्षण सुदृढीकरण; दुर्लभ वन्यजन्तु र वनस्पतिको संरक्षण तथा अनुसन्धान; सामुदायिक वनमार्फत पारिस्थितिक प्रणालीमा आधारित व्यवस्थापन (Ecosystem Based Management) तथा वातावरणीय पर्यटन (Eco-Tourism) विकास तथा प्रवर्द्धन लगायतका कार्यक्रमहरू सन्चालन गरिनेछ।

### ४.४.३ जैविक विविधता

उच्च हिमाली पारिस्थितिक प्रणालीदेखि तराईका सिमसार क्षेत्रसम्म अत्यन्त समृद्ध गरी जैविक विविधता ले भरिपूर्ण कोशी प्रदेशको जैविक विविधता लाई संरक्षण, प्रवर्द्धन र विकास गर्न वन विनाश, जलवायु परिवर्तन, अवैध सिकार, भूमि उपयोग परिवर्तन र सहरीकरणका कारण उत्पन्न जोखिमहरू समेतलाई केन्द्रमा राखी पारिस्थितिक सन्तुलन संरक्षण, लोपोन्मुख प्रजाति जोगावट, समुदाय आधारित व्यवस्थापन र दिगो आर्थिक उपयोग लगायतका क्षेत्रमा सुधार ल्याई संरक्षण, पुनर्स्थापना, दिगो उपयोग र स्थानीय सहभागितासँग जोडेर समृद्ध जैविक विविधता सहितको हरित र दिगो प्रदेश विकास सुनिश्चित गर्न देहाय बमोजिमका निति तथा कार्यक्रमहरू अन्तर सरकार समन्वयमा सन्चालन गरिनेछ।

१. **जैविक विविधता संरक्षण तथा पारिस्थितिक प्रणाली सुदृढीकरणः**
हिमाल, पहाड र तराईका पारिस्थितिक प्रणाली (Ecosystem) को संरक्षण र पुनर्स्थापना गर्न संवेदनशील क्षेत्र पहिचान र नक्सांकन (Biodiversity Hotspot Mapping); संरक्षित क्षेत्र, वन क्षेत्र र जलाधारको एकीकृत व्यवस्थापन; क्षतिग्रस्त पारिस्थितिक क्षेत्रको पारिस्थितिकी प्रणाली पुनर्स्थापना (Ecosystem Restoration) कार्यक्रम तथा जलवायु संवेदनशील प्रजातिहरूको संरक्षण जस्ता आयोजनाहरूलाई एकीकृत रुपमा कार्यान्वयन गर्ने प्रवन्ध गरिनेछ।

२. **लोपोन्मुख वनस्पति तथा वन्यजन्तु संरक्षणः**
लोपोन्मुख र संकटग्रस्त प्रजातिहरूको संरक्षण र पुनःस्थापना गर्न सङ्कटापन्न सूचीमा परेका वन्यजन्तु र वनस्पतिको विशेष संरक्षण योजना; अवैध शिकार तथा वन्यजन्तु तस्करी नियन्त्रणका लागि सुदृढ निगरानी प्रणाली; प्रजनन केन्द्र (Breeding Centers) स्थापना र सामुदायिक वनमार्फत वन्यजन्तु संरक्षण सहभागिता जस्ता कार्यक्रम सन्चालन गर्न पहल गरिनेछ।

३. **सामुदायिक सहभागिता र जैविक विविधता व्यवस्थापनः**
स्थानीय समुदायलाई जैविक विविधता संरक्षणको मुख्य साझेदार बनाउन समुदायमा आधारित जैविक विविधता व्यवस्थापन कार्यक्रम (Community-Based Biodiversity Management Program); आदिवासी तथा स्थानीय ज्ञान (Traditional Ecological Knowledge) को सदुपयोग; सामुदायिक वन उपभोक्ता समूहलाई प्रोत्साहन र क्षमता विकास तथा संरक्षण कार्यसँग जोडिएको आयमूलक गतिविधि (Eco-enterprise) लगायतका आधारभूत कार्यक्रमहरूलाई प्रभावकारी रुपमा सन्चालनमा ल्याइनेछ।

४. **दिगो उपयोग, अनुसन्धान र जैविक सम्पदा प्रवर्द्धनः**
जैविक विविधताको संरक्षणसँगै दिगो आर्थिक उपयोग र बहुउपयोगी अनुसन्धानसँग जोड्न जडीबुटी, गैर-काष्ठ वन उत्पादन (NTFPs) को दिगो संकलन र प्रशोधन; विश्वविद्यालय र अनुसन्धान संस्थासँग सहकार्यमा जैविक विविधता अनुसन्धान केन्द्र (Biodiversity Research Center); जैविक सम्पदा पर्यटन (Eco-Tourism, Nature Tourism) प्रवर्द्धन; जैविक स्रोत मूल्य



उपाध्यक्ष

कोशी प्रदेश सरकार
प्रदेश योजना आयोग
विराटनगर, नेपाल

श्रृंखला विकास कार्यक्रम (Bio-Resources Value Chain Development Program) जस्ता कार्यक्रम कार्यान्वयनमा ल्याइन प्राथमिकता दिइनेछ।

**४.४.४ जलवायु परिवर्तन र विपद् व्यवस्थापन**

कोशी प्रदेशको कोशी नदी सहितको नदी प्रणालीमा आधारित, पहिरो, बाढी, डुबान, हिमपात, खडेरी, आगलागी जस्ता बहु-जोखिम (Multi-Hazard) बाट प्रदेश बासीलाई सुरक्षित गर्न जलवायु परिवर्तन र विपद् व्यवस्थापनलाई पूर्वतयारी, जोखिम न्यूनीकरण, जलवायु अनुकूलन र द्रुत पुनःस्थापनासँग जोडेर अघि बढाउन तथा जलवायु जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी र प्रतिकार्य सुधार, दिगो विकास पूर्वाधार निर्माण, हरित र सुरक्षित अर्थतन्त्र विकासका क्षेत्रमा सुधार ल्याई जलवायु सहिष्णु (Climate-Resilient) र विपद् प्रतिरोधी प्रदेश निर्माण गर्न देहाय बमोजिमका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

१. **जलवायु जोखिम मूल्याङ्कन तथा पूर्वसूचना प्रणाली सुदृढीकरण:**
प्रदेशभर जलवायु परिवर्तनका असर र विपद् जोखिमको वैज्ञानिक विश्लेषण गरी पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन पहिरो, बाढी, डुबान, खडेरी, आगलागी जस्ता क्षेत्र पहिचान (Provincial Climate Risk Mapping); नदी प्रणालीमा आधारित पूर्व सचेतना प्रणाली (Early Warning System) विस्तार; मौसम पूर्वानुमान तथा सूचना प्रवाहलाई स्थानीय तहसम्म डिजिटल रूपमा जोड्ने सामुदायिक स्तरमा जोखिम सूचना सञ्जाल (Risk Communication Network) विकास गरिनेछ।

२. **विपद् प्रतिरोधी पूर्वाधार तथा जलवायु–अनुकूल विकास:**
सबै विकास पूर्वाधारलाई जलवायु परिवर्तन सहन सक्ने (climate-resilient) बनाउन सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था निर्माणमा climate-resilient design को अनिवार्यता; पहाडी क्षेत्रमा जैव-इन्जिनियरिङ र ढलान स्थिरीकरण (Bio-engineering and Slope stabilization) कार्य; बाढी–पहिरो जोखिम क्षेत्रको सुरक्षित स्थानान्तरण र वैकल्पिक योजना (Safe Relocation and Alternative Planning) तथा निर्माण कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कन तथा परिक्षण (EIA/IEE) मा प्रभावकारिता अभिबृद्धि गरिनेछ।

३. **समुदाय–आधारित विपद् तयारी तथा प्रतिकार्य:**
स्थानीय समुदायलाई विपद् व्यवस्थापनको पहिलो प्रतिकार्यकर्ता (First Responder) बनाउन प्रत्येक वडामा सामुदायिक विपद् व्यवस्थापन समिति (Community Disaster Management Committee) गठन; स्थानीय स्वयंसेवकलाई खोज र उद्धार (Search & Rescue), प्राथमिक उपचार तालिम; विद्यालयमा विपद् तयारी शिक्षा (Disaster Preparedness Education) को अनिवार्यता विपद् सामग्री (Emergency Kits, Shelters) को स्थानीय भण्डारण व्यवस्थाका लागि स्थानीय तहहरु समेतलाई प्रोत्साहन र सहयोग उपलव्ध गराईनेछ।

४. **जलवायु अनुकूलन, हरित अर्थतन्त्र र पुनःस्थापना:**

५. जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै हरित विकास र दिगो पुनःस्थापना प्रणाली विकास गर्न स्थानीय परियोजनाका लागि जलवायु अनुकूलन कोष (Climate Adaptation Fund) स्थापना; वृक्षारोपण, जलाधार संरक्षण र इकोसिस्टम पुनर्स्थापना (Ecosystem Restoration) कार्यक्रम; हरित ऊर्जा, जलस्रोत र कृषिमा आधारित जलवायु अनुकूलन परियोजना तथा विपद् प्रभावित क्षेत्रको द्रुत पुनर्लाभ र जीविकोपार्जन पुनर्स्थापना (Rapid Recovery and Livelihood Restoration) लगायतका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

६. **एकिकृत विपद् व्यवस्थापन सेवा:**
प्रदेश सरकारले स्थानीय स्तरमा भौगोलिक रुपले पायक पर्ने स्थानीय तहहरुको संयुक्त साझेदारीमा विपद् व्यवथापनका लागि हाल झापा, मोरङ,सुनसरी,धनकुटा,तेह्थुम र खोटाङ्ग जिल्लामा प्रारम्भ गरेको एकीकृत विपद् व्यवस्थापन सेवालाई सुचारु गर्दै अन्य जिल्लाहरुमा समेत क्रमश:विस्तार गरिनेछ।



उपाध्यक्ष

कोशी प्रदेश सरकार
प्रदेश योजना आयोग
विराटनगर, नेपाल

## ४.५ संस्थागत विकास तथा अन्तरसम्बन्धित क्षेत्र

### ४.५.१ सङ्गठन विकास तथा व्यवस्थापन

कोशी प्रदेशको भौगोलिक विविधता, सेवा प्रवाहमा देखिने दूरीगत चुनौती, जनशक्ति असन्तुलन, संस्थागत दोहोरोपन र डिजिटल रूपान्तरणको आवश्यकता लाई ध्यानमा राख्दै संगठनात्मक दक्षता वृद्धि, विकेन्द्रित र समावेशी प्रशासन, डिजिटल रूपान्तरण, मानव संसाधन विकास तथा सुशासन सुदृढीकरण मार्फत दक्ष, विकेन्द्रित, प्रविधिमैं त्री, आधुनिक, उत्तरदायी र परिणाममुखी प्रदेश प्रशासन प्रणालीको थप विकास गर्न र संस्थागत भौतिक पूर्वाधार विकास एवम् संगठन विकास तथा व्यवस्थापन (Organizational Development & Management) का लागि देहाय बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१. **कार्यसम्पादन–आधारित संगठन पुनर्संरचना (Performance-Based Restructuring):**
प्रदेश सरकारका निकायहरूलाई कार्यभार, परिणाम र आवश्यकताका आधारमा पुनर्संरचना गर्न मन्त्रालय तथा निकायहरूको कार्यात्मक समीक्षा (Functional Review) र पुनर्संरचना; नतिजामा आधारित व्यवस्थापन प्रणाली (Result-Based Management System) प्रणाली लागू; दोहोरो कार्य हुने निकायहरूको एकीकरण वा समायोजन तथा कर्मचारीलाई बढी जिम्मेवारी र स्वतन्त्रता प्रदान गरी निर्णय प्रक्रियालाई छिटो हुने व्यवस्था गर्न साथै कार्य सञ्चार प्रणाली प्रत्यक्ष र सरल बनाएर प्रशासनिक खर्च कम हुने वातावरण सिर्जना गर्ने; व्यवस्थापक र कर्मचारीबीच कम तह हुने, समतल संगठनात्मक संरचना वा कम तहयुक्त संगठनात्मक संरचना (Flat Organizational Structure) तर्जुमा गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ।

२. **विकेन्द्रित प्रशासन र स्थानीय सशक्तीकरण:**
भौगोलिक विविधता अनुसार निर्णय र सेवा प्रवाहलाई स्थानीय तहसम्म विकेन्द्रित गर्न जिल्लास्तरमा क्षेत्रीय सेवा केन्द्र (Regional Service Centers) स्थापना; स्थानीय तहलाई वित्तीय र प्रशासनिक सहयोग विस्तार; दुर्गम क्षेत्रमा घुम्ती प्रशासनिक तथा सेवा प्रवाह इकाई (Mobile Administrative and Service Units) तथा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय सुदृढीकरण प्रणालीको विकास गरिनेछ।

३. **डिजिटल शासन (E-Governance) र संगठन आधुनिकीकरण:**
सबै प्रशासनिक प्रक्रिया डिजिटल प्रणालीमा आधारित बनाउन कम कागज प्रयोग प्रणाली (Paperless Government Initiative) प्रभावकारीता बृद्ध; मानव संसाधन, बजेट, योजना व्यवस्थापनमा एकीकृत व्यवस्थापन सूचना प्रणाली (Integrated MIS) लाई थप व्यवस्थित बनाउने; सेवा प्रवाहमा अनलाइन ट्र्याकिङ्ग र स्वचालन (Online Tracking & Automation) बनाउने तथा कर्मचारी उपस्थिती, कार्यसम्पादन र रिपोर्टिङ डिजिटल बनाउने जस्ता कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।

४. **मानव संसाधन व्यवस्थापन तथा क्षमता विकास:**

५. प्रदेश प्रशासनलाई दक्ष, उत्प्रेरित र परिणाममुखी जनशक्तिमा आधारित बनाउन प्रदेश सरकारको क्षमता विकास योजना बमोजिम सीप अन्तर विश्लेषण (Skill Gap Analysis) गरी आवश्यक जनशक्ति विकास; नियमित तालिम, पुनसीप विकास र सीप वृद्धि : (Training, Re-skilling र Up-skilling) कार्यक्रम सन्चालन; दुर्गम क्षेत्रमा कार्यरत कर्मचारीका लागि प्रोत्साहन प्याकेज (Incentive Package) तथा पदोन्नति र प्रोत्साहनलाई कार्य विवरण बमोजिमको कार्य सम्पादन मूल्याङ्कनको उच्चतम भारसँग जोड्ने जस्ता कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

६. **राजस्व प्रशासन र परिचालन:**
प्रदेश सरकारले राजस्व संकलन तथा परिचालनको विद्यमान अवस्था सुदृढ वनाउन राजस्व सुधार कार्य योजना (Revenue Improvement Action plan) परिमार्जन तथा राजस्व संभाव्यता अध्ययन गरी राजस्वको दायर विस्तार, राजस्व प्रशासन सुदृढीकरण र संस्थागत तथा जनशक्तिको क्षमता विकास एवम् दक्षता अभिवृद्धिमा जोड दिईनेछ। यसका लागि प्रदेश राजस्व



उपाध्यक्ष

कार्यालयको भौतिक, व्यवस्थापकीय, तथा मानव संशाधान क्षमता अभिवृद्धि गरिनेकु साथै स्थानीय तह मार्फत संकलन हुने राजस्व लाई व्यवस्थित र पारदर्शी वनाउन समन्वय, सहकार्य र प्रविधि मैत्री वनाईनेछ।

७. **वेरूजु न्यूनीकरण र फछर्यौट:**
अनुत्पादन क्षेत्रमा भइरहेको खर्च कटौती गर्ने साथै प्रदेश सरकार अन्तरगतका मंत्रालय, कार्यालय र निकायहरूवाट हुने आर्थिक कारोवारमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारित अभिवृद्धि गर्दै शून्य वेरूजु हुने गरी संस्थागत र जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ। हाल सम्मको वेरूजुलाई तथ्य र प्रमाणको आधारमा असुल उपर तथा फछर्यौट गर्ने नीतिलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन छ।

८. **सुशासन, पारदर्शिता र सेवा सुधार:**
सार्वजनिक प्रशासनमा पारदर्शिता, उत्तरदायित्व र नागरिक केन्द्रित सेवा सुनिश्चित गर्न नागरिक बडापत्र कार्यान्वयन सुदृढीकरण (Citizen Charter Implementation Strengthening); सेवा प्रवाहमा कार्य प्रवाह मार्ग सहितको समयबद्ध वितरण प्रणाली (Time-Bound Service Delivery System with Work Flow Path); भ्रष्टाचार नियन्त्रण र शून्य सहनसीलताका लागि ई-निगरानी; आन्तरिक तथा बाह्य लेखा परीक्षण प्रणाली (E-monitoring & Internal and External Audit Aystem) तथा नागरिक गुनासो व्यवस्थापनका लागि डिजिटल गुनासो निवारण प्लेटफर्म (Digital Grievance Redressal Platform) जस्ता कार्यक्रमहरूलाई प्रभावकारी रुपमा क्रियशील बनाइनेछ।

### ४.५.२ तथ्याङ्क प्रणाली

कोशी प्रदेशको भौगोलिक बिभिदता; बाढी, पहिरो, खडेरीका कारण उत्पन्न हुने विपद् जोखिम; हिमाली तथा पहाडी क्षेत्रको तिव्र बसाइँसराइको अवस्था; असमान सेवा पहुँच र बहु–क्षेत्रीय विकास चुनौती समेतलाई केन्द्रमा राखी तथ्यपरक तथ्याङ्कमा आधारित योजना तर्जुमा र सेवा प्रवाहलाई विश्वसनीय, अद्यावधिक र एकीकृत बनाउन तथ्याङ्क प्रणालीलाई डिजिटल, एकीकृत, भू–आधारित र निर्णय केन्द्रित बनाउन देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

१. **एकीकृत प्रदेश तथ्याङ्क प्रणाली (Integrated Provincial Data System):**
सबै मन्त्रालय, स्थानीय तह र संघीय निकायसँग सम्बन्धित तथ्याङ्कलाई एकीकृत डिजिटल प्लेटफर्ममा जोड्न "कोशी प्रदेश डाटा हब स्थापना; सबै क्षेत्र (स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार आदि) को अन्तरसन्चालन योग्य डाटाबेस (Interoperable Database) प्रणालीको विकास; दोहोरो तथ्याङ्क (Duplication) हटाउन अद्वितीय पहिचान प्रणाली लिंकेज (Unique Identification System Linkage) तथा नियमित तथ्याङ्क अद्यावधिका लागि वास्तविक समय आवधिक अध्यावधिक संयन्त्र (Real-time/periodic update mechanism) जस्ता प्रभावकारी कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

२. **भू–आधारित तथ्याङ्क र GIS प्रणाली विस्तार:**
भौगोलिक विविधतालाई ध्यानमा राख्दै भौगोलिक सूचना प्रणाली (GIS) आधारित निर्णय प्रणालीको विकास गर्न प्रदेशभर जनसंख्या, पूर्वाधार (आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण र संस्थागत), जोखिम क्षेत्र समेतको GIS आधारित नक्साङ्कन प्रणाली (Mapping System); बाढी, पहिरो, खडेरी जोखिमको स्थानिय तथ्याङ्क मोडेलिङ (Spatial Data Modeling); कृषि, वन, जलस्रोत क्षेत्रको भू–उपयोग नक्सांकन तथा स्थानीय तहमा GIS युनिट स्थापना र क्षमता विकास लगायतका कार्यक्रमहरू यसै वर्षबाट कार्यान्वयनमा ल्याइनेछ।

३. **वास्तविक समय तथ्याङ्क संकलन तथा डिजिटल निगरानी प्रणाली:**
सबै प्रकार र प्रकृतिका आयोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि वास्तविक समय-तथ्याङ्क सङ्कलन (Real-Time Data Collection) प्रणाली लागू गर्न मोबाइल/एप आधारित तथ्याङ्क रिपोर्टिङ प्रणाली (Data Reporting System); स्वास्थ्य, शिक्षा, कृषि, विपद् सम्बन्धी वास्तविकसमय ड्यासबोर्ड- (Real-Time Dashboard); रिमोट सेन्सिङ



उपाध्यक्ष

प्रविधि प्रयोग गरी स्वचालित तथ्याङ्क क्याप्चर (Automated Data Capture) तथा स्थानीय तहमा तथ्याङ्क व्यवस्थापनका लागि क्षमता अभिबृद्धि गर्न आवस्यक सहयोग गर्ने समेतका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

४. **तथ्याङ्क गुणस्तर, सुशासन र तथ्याङ्क–आधारित नीति निर्माण:**
तथ्याङ्कलाई नीति निर्माण, बजेट विनियोजन र अनुगमनको मुख्य आधार बनाउन प्रमाणमा आधारित योजना प्रणाली (Evidence-Based Planning System) अनिवार्य लागू; तथ्याङ्कको गुणस्तर आश्वासन र प्रमाणीकरण संयन्त्र (Quality Assurance & Verification Mechanism); नीति तथा कार्यक्रमको तथ्याङ्क प्रभाव मूल्याङ्कन (Data Impact Assessment) प्रणाली तथा सार्वजनिक पहुँचका लागि खुला डाटा पोर्टल (Open Data Portal) स्थापना गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

**४.५.३ मानव संशाधन विकास, श्रम तथा रोजगारी र गरिवी निवारण**

कृषि, पर्यटन, जलविद्युत लगायतका आर्थिक विकासका सम्भावना अधिक रहेको भए तापनि उच्च श्रम पलायन, असमान रोजगारीका अवसर र गरीवीको दबाबमा रहेको कोशी प्रदेशलाई सीपयुक्त मानव संसाधन विकास, स्थानीय रोजगारी सिर्जना, सुरक्षित श्रम प्रणाली र गरीवी न्यूनीकरण लगायतका क्षेत्रमा दिगो सुधार ल्याई उत्पादनमुखी, आत्मनिर्भर र समावेशी आर्थिक विकास सुनिश्चित गर्न देहाय बमोजिमका कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ।

१. **सीप विकास तथा रोजगारमुखी मानव संशाधन विकास:**
शिक्षा प्रणालीलाई श्रम बजारको आवश्यकता अनुसार सीपमा आधारित (Skill-Based) बनाउन एक युवा -एक सीप ग्यारेन्टी कार्यक्रम (One Youth – One Skill Guarantee Program); प्राविधिक तथा व्यावसायिक शिक्षा (Technical and Vocational Education) विस्तार गरी स्थानीय आवश्यकतासँग जोड्ने; उद्योग, पर्यटन, कृषि र सेवाक्षेत्रसँग जोडिएको प्रशिक्षार्थी प्रणाली (Apprenticeship System) तथा डिजिटल, कृषि, निर्माण र पर्यटनमा छोटो अवधिको सीप प्रमाणीकरण कार्यक्रम (Short-term Skill Certification Program) कार्यान्वयन गरिनेछ।

२. **स्थानीय रोजगारी सिर्जना तथा औद्योगिक विकास:**
प्रदेशमैं रोजगारी सिर्जना गर्ने गरी उत्पादनमूलक उद्योग र सेवा क्षेत्र विस्तार गर्न विशेष गरी हिमाली र पहाडी क्षेत्रमा जडीबुटी, कृषि प्रशोधन, पर्यटन आधारित उद्योग स्थापना; तराई क्षेत्रमा औद्योगिक करिडोर विकास; स्थानीयलाई प्राथमिक रोजगारी (Local Employment First Policy)तथा सार्वजनिक निर्माण कार्यमा श्रम–गहन (Labour Intensive) मोडेललाई प्रभावकारी बनाउन पहल गरिनेछ।

३. **श्रम व्यवस्थापन, सुरक्षित रोजगार र वैदेशिक रोजगारी सुधार:**
श्रम अधिकार संरक्षण गर्दै सुरक्षित, मर्यादित र व्यवस्थित रोजगार प्रणाली विकास गर्न वैदेशिक रोजगारमा जाने युवाका लागि प्रस्थान पूर्व तालिम (Pre-departure Training) र सूचना केन्द्रको स्थापना; सुरक्षित आप्रवासन सहयोग कार्यक्रम (Safe Migration Support Program) सन्चालन ; श्रमिक अधिकार संरक्षण र न्यूनतम ज्याला कार्यान्वयन तथा फर्केका श्रमिक (Returnee Migrant) का लागि पुनर्मिलन (Reintegration) र उद्यम स्थापना तथा सन्चालन र व्यवस्थापनमा आवश्यक समन्वय र सहकार्य गरिनेछ।

४. **गरीवी निवारण तथा समावेशी सामाजिक आर्थिक विकास:**
गरीवी न्यूनीकरणलाई आयआर्जन, उत्पादन र सामाजिक सुरक्षासँग जोड्न गरिब घरपरिवार पहिचान र सहयोग कार्यक्रम (Targeted Poverty Reduction Program) सन्चालन; सहुलियत ऋण, अनुदान र लघु उद्यम विकास (Micro Enterprise Development); कृषि, पशुपालन र लघु उद्यममा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम (livelihood support



उपाध्यक्ष

program) **तथा** सामाजिक सुरक्षा भत्ता र कार्यक्रमहरूलाई एकीकृत प्रणाली (Integrated System) मार्फत प्रभावकारी बनाइनेछ।

**४.५.४ अनुसन्धान र विकास**

हिमाल देखि तराइसम्मको भौगोलिक अवस्थितिका साथमा जलस्रोत, कृषि, वन, पर्यटन र जैविक विविधतामा धनी रहेको कोशी प्रदेशको नीति निर्माण अध्ययन तथा अनुसन्धानमा आधारित हुन आवश्यक छ। त्यसैले अध्ययन र अनुसन्धानमा आधारित नीति निर्माण, नवप्रवर्तन र प्रविधि विकास, क्षेत्रीय समस्या समाधान; ज्ञान–आधारित अर्थतन्त्र निर्माण मार्फत वैज्ञानिक, प्रभावकारी र दिगो विकास प्रणाली निर्माणका लागि देहाय बमजिमका नीति तथा कार्यक्रमहरूलाई दिगो व्यवस्थापन हुने गरी कार्यान्वयनमा ल्याइनेछ।

१. **प्रदेश अनुसन्धान तथा नवप्रवर्तन कोष स्थापना:**
   अध्ययन अनुसन्धान, नवप्रवर्तन र प्रविधि विकासका लागि स्थायी वित्तीय कोष स्थापना गर्न कोशी अनुसन्धान तथा नवप्रवर्तन कोष स्थापना; विश्वविद्यालय, अनुसन्धान संस्था र निजी क्षेत्रलाई प्रतिस्पर्धात्मक अनुदान (Competitive Grants) वा साझेदारी; कृषि, जलवायु, ऊर्जा, स्वास्थ्य र सामाजिक क्षेत्रमा ब्यववहारिक अनुसन्धान (Applied Research) परियोजना सहयोग तथा युवा अनुसन्धानकर्ता र स्टार्टअपलाई बीउ कोष (Seed Funding) को व्यवस्था गरिनेछ।

२. **क्षेत्रीय अनुसन्धान केन्द्र (Thematic Research Centers) विकास:**
   कोशी प्रदेशका प्रमुख विकास क्षेत्र अनुसार कृषि अनुसन्धान केन्द्र (Climate-smart agriculture); जलवायु तथा विपद् अनुसन्धान केन्द्र (Climate & Disaster Research Center); वन, जैविक विविधता र जडीबुटी अनुसन्धान केन्द्र; पर्यटन, संस्कृति र सामाजिक अध्ययन केन्द्र; प्रदेश प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठान तथा विश्वविद्यालयहरू सँगको सहकार्यमा प्रादेशिक नवप्रवर्तन केन्द्रहरू (Provintial Innovation Hubs) लगायतका सम्भाव्य र अनिवार्य रहेका विषयगत अनुसन्धान केन्द्र स्थापना गरिनेछ।

३. **अनुसन्धान, नीति र कार्यक्रम एकीकरण (Evidence Based Policy System):**
   सबै नीति, योजना र कार्यक्रमहरूलाई अनुसन्धान र प्रमाण (Evidence) मा आधारित बनाउन प्रत्येक मन्त्रालयमा नीति अनुसन्धान एकाइ (Policy Research Unit) र प्रदेश योजना आयोगमा नीति प्रयोगशाला (Policy Lab) को स्थापना; नीति निर्माण अघि अनिवार्य प्रभाव अध्ययन Mandatory Impact Study र अनुसन्धानमा आधारित विश्लेषण (Research Based Analysis); तथ्याङ्क र अनुसन्धानलाई जोड्ने एकीकृत ज्ञान प्लेटफर्म (Integrated Knowledge Platform) तथा नीति कार्यान्वयनको आवधिक मूल्याङ्कन र प्रतिक्रिया प्रणाली (Periodic Evaluation and Feedback System) लाई कार्यान्वयनमा ल्याइनेछ।

४. **नवप्रवर्तन, प्रविधि हस्तान्तरण र निजी क्षेत्र सहकार्य:**
   अनुसन्धानलाई व्यवहारिक उपयोगमा रूपान्तरण गर्दै उद्योग, कृषि र सेवा क्षेत्रमा नवप्रवर्तन लागू गर्न विश्वविद्यालय र निजी क्षेत्रको सहकार्यमा प्रविधि हस्तान्तरण कार्यक्रम (Technology Transfer Program); कृषि, ऊर्जा, स्वास्थ्य लगायतमा पाइलट नवप्रवर्तन परियोजनाहरू (Pilot Innovation Projects); स्टार्टअप र उद्योगलाई अनुसन्धान व्यावसायीकरण समर्थन तथा नवप्रवर्तन इन्क्युबेशन केन्द्र (Research Commercialization Support/Innovation Incubation Center) स्थापना गरी निजी क्षेत्रसँगको सहकार्यलाई नतिजामा आधारित बनाउन पहल गरिनेछ।

**४.५.५ सभा, आयोग तथा निकायहरूको क्षमता विकास:**

कोशी प्रदेशमा सम्बैधानिक अङ्गको रुपमा प्रदेश सभा, लोकसेवा आयोग साथै मूख्य न्यायधिवक्ताको कार्यालय तथा प्रदेश सरकार अन्तरगत प्रदेश योजना आयोग र लगानी प्राधिकरण कार्यरत रहेका छन्। कोशी प्रदेशको भौगोलिक विविधता, सेवा प्रवाहको जटिलता, विकास योजना कार्यान्वयनको चुनौती, न्यायिक तथा प्रशासनिक समन्वयको आवश्यकता र लोकतान्त्रिक संस्थाहरू को सुदृढीकरण एवं नतिजा र तथ्यमा आधारित योजना तर्जुमा र कार्यान्वयनलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकाय तथा आयोगहरूलाई अझ सक्षम,



उपाध्यक्ष

प्रविधिमैं त्री, पारदर्शी र परिणाममुखी बनाउन संस्थागत क्षमता अभिवृद्धि, डिजिटल शासन सुदृढीकरण, ज्ञानमा आधारित नीति निर्माण र सुशासन तथा पारदर्शिता मार्फत प्रभावकारी, आधुनिक र उत्तरदायी प्रदेश शासन प्रणाली निर्माणमा महत्वपूर्ण योगदान पुर्याउन देहाय बमोजिमका प्रमुख नीति तथा कार्यक्रमहरुलाई थप प्रभावकारी बनाइनेछ।

१. **संस्थागत क्षमता सुदृढीकरण र संरचनात्मक सुधारः**
सवै संस्थाको भूमिका र कार्य क्षेत्र थप स्पष्ट गर्दै कार्यक्षमता, समन्वय र उत्तरदायित्व वृद्धि गर्ने गरी संरचनात्मक सुधार गर्न योजना आयोगमा एकीकृत विकास योजना एकाइ (Integrated Development Planning Unit) को स्थापना र संघ, स्थानीय तह तथा निजी क्षेत्र तथा अन्तर प्रदेशसँग समन्वय गर्ने स्थायी संयन्त्र स्थापना; लोकसेवा आयोगमा योग्यतामा आधारित छनौट र पदपूर्ती प्रणाली (Competency Based Recruitment System) को सुदृढीकरण; मुख्य न्यायाधिवक्ताको कार्यालयमा कानुनी सल्लाहकार तथा मुद्दा समन्वय एकाइ (Legal Advisory & Litigation Coordination Unit) को विस्तार, प्रदेश कानून कार्यान्वयनको अवस्था अनुगमन प्रणालीको विकास र व्यवस्थापन, प्रदेश कानून तर्जुमाका लागि समन्वयात्मक जिम्मेवारी तथा प्रदेश कानूनको कानुनी सहायता र साक्षरता; प्रदेश सभामा अनुसन्धान, नीति विश्लेषण र समिति सहयोग एकाइ (Research, Policy Analysis and Committee Support Unit) को स्थापना र सुदृढीकरण; कोशी प्रदेशको लगानी प्राधिकरणलाई केवल स्वीकृति दिने निकाय मात्र नभई परियोजना विकास, लगानी सहजीकरण र आर्थिक रूपान्तरण एजेन्सी (Project Development, Investment Facilitation and Economic Transformation Agency) का रूपमा रूपान्तरण गर्न लगानी प्राधिकरण सन्चालन सम्बन्धी नियमावली तथा कार्यविधि तर्जुमा र समयानुकूल परिमार्जन साथै लगानी स्वीकृति, सहजीकरण, अनुगमन तथा विवाद समाधानका लागि एक द्वार प्रणालीको विकास र कार्यान्वयन, सार्वजनिक निजी साझेदारी ( Public Private Partnership) तथा वैदेशिक लगानी सहजीकरणसम्बन्धी स्पष्ट आधार तयार गर्ने तथा संस्थागत रुपमा सन्चालन हुने वा कार्यान्वयनमा आउने आयोजान तथा कार्यक्रमहरूमा दोहोरोपना हटाउन अन्तर संस्था समन्वय ढाँचा (Coordination Framework) समेतका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

२. **डिजिटल रूपान्तरण तथा स्मार्ट गभर्नेन्सः**
संवैधानिक तथा प्रदेश सरकार अन्तरगतका आयोग र निकायहरुलाई पूर्ण डिजिटल प्रणालीमा रूपान्तरण गर्दै कागजविहीन, तथ्याङ्कसंचालित शासन- (paperless, data-driven governance) लागू गर्न डिजिटल कोशी शासन प्लेटफर्म (Digital Koshi Governance Platform) स्थापना; योजना आयोगमा GIS-आधारित योजना र अनुगमन प्रणाली (GIS-Based Planning & Monitoring System); लोकसेवा आयोगमा अनलाइन परीक्षा, नतिजा स्वचालन र ईशासन प्रणाली- (Online Examination, Result Automation and E-Governance System); मुख्य न्यायाधिवक्ताको कार्यालयमा डिजिटल केस ट्र्याकिङ प्रणाली (Digital Case Tracking System) तथा प्रदेश सभामा (E-parliament System, E-agenda, E-voting, E-documentation) प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक प्रवन्ध गरिनेछ।

३. **मानव संसाधन विकास, विशेषज्ञता र अनुसन्धान सुदृढीकरणः**
उच्च दक्षता, विशेषज्ञता र अनुसन्धानमा आधारित निर्णय प्रणाली विकास गर्न नियमित क्षमता निर्माण, फेलोशिप र एक्सपोजर भ्रमण (Capacity Building, Fellowship and Exposure Visit) कार्यक्रम; नीति, कानुन, प्रशासन र तथ्याङ्क विश्लेषणमा विशेष प्रशिक्षण कार्यक्रम (Specialized Training Program); प्रदेश सभामा संसदीय अनुसन्धान तथा नीति केन्द्र (Parliamentary Research and Policy Center) स्थापना; योजना आयोगमा विकास अर्थशास्त्र र नीति प्रयोगशाला एकाइ (Development Economics and Policy Lab Unit); अन्तरप्रदेश र अन्तर्राष्ट्रिय संस्थासँग ज्ञान आदानप्रदान कार्यक्रम (Knowledge Exchange Program) कार्यान्वयन गरिनेछ।

४. **सुशासन, पारदर्शिता र परिणाममुखी सेवा प्रणालीः**
जवाफदेहिता, पारदर्शिता र नागरिक–केन्द्रित सेवा सुनिश्चित गर्न योजना आयोगमा सहभागितामूलक योजना र सार्वजनिक परामर्श (Participatory Planning and Public Consultation) प्रणाली; लोकसेवा आयोगमा प्रभावकारी छनौट र पदपूर्ती



उपाध्यक्ष

लेखापरीक्षण संयन्त्र; मुख्य न्यायाधिवक्ताको कार्यालयमा मुद्दा जवाफदेहिता र अनुगमन प्रणाली; प्रदेश सभामा समिति कार्यसम्पादन मूल्याङ्कन प्रणाली; नागरिक गुनासो समाधानका लागि एकीकृत डिजिटल गुनासो प्लेटफर्म (Integrated Digital Grievance Platform) को व्यवस्था गरी कार्यान्वयनमा ल्याइन प्राथमिकता दिइनेछ।

**४.५.६ नतिजामूखी योजना तर्जुमा र आयोजना बैंक प्रणालीको सुदृढीकरण**

प्रदेश सरकारको योजना तर्जुमा प्रणालीलाई परम्परागत ढाँचाबाट रुपान्तरण गरी नतिजामुखी (Result Based), तथ्य, तथ्याङ्क र प्रमाणमा आधारित (Evidence Based) प्रणाली मा लैजान साथै आयोजना बैंकलाई प्रभावकारी बनाइ बिना प्राथमिकता खर्च हुने प्रवृत्ति रोक्नका लागि योजना निर्माणको गुणस्तर सुधार, आयोजना छनोटमा पारदर्शिता, स्रोत साधनको प्रभावकारी उपयोग र विकास नतिजाको सुनिश्चितता मार्फत नतिजामुखी, पारदर्शी र वैज्ञानिक योजना प्रणाली निर्माणका लागि महत्वपूर्ण योगदान पुर्याउन देहाय बमोजिमका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

१. **नतिजामुखी योजना तर्जुमा प्रणाली (Result-Based Planning System):**
सबै विकास योजना तथा कार्यक्रमलाई स्पष्ट नतिजा उत्पादन, नतिजा र प्रभाव (Outputs, Outcomes and Impact) सहित तर्जुमा गर्ने प्रणाली लागू गर्न परिणाममा आधारित योजना ढाँचा (Result-Based Planning Framework) अनिवार्य लागू; प्रत्येक आयोजनामा विशिष्ट, मापनयोग्य, प्राप्त गर्न सकिने, सान्दर्भिक, समयबद्ध (Specific, Measurable, Achievable, Relevant, Time-bound- SMART) सूचक निर्धारण; वार्षिक योजना तर्जुमा अघि कार्यसम्पादन समीक्षा प्रणाली (Performance Review System) तथा मुख्यमन्त्री तथा मन्त्री परिषद् को कार्यालयमा रहेको मुख्यमन्त्री ड्यासवोर्डलाई नामाकरणमा संशोधन तथा अध्यावधिक गरी प्रदेश योजना आयोग मार्फत ब्यवस्थापन हुने गरी नतिजा (वित्तीय र भौतिक प्रगति) ट्र्याकिङ संयन्त्र (Outcome Tracking Mechanism) सन्चालनमा ल्याइनेछ। साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय लगायत आवश्यक पर्ने मन्त्रालयहरूमा समेत रियल टायम नतिजा अनुमगनका लागि ड्यासवोर्ड रहने व्यवस्था मिलाइनेछ।

२. **एकीकृत आयोजना बैंक (Integrated Project Bank) सुदृढीकरण:**
प्रदेशका सबै आयोजना प्राथमिकता, सम्भाव्यता र प्रभावका आधारमा एकीकृत आयोजना बैंकमा राख्न कोशी प्रादेशिक आयोजना बैंक प्रणाली (Koshi Provincial Project Bank System) लाई संघीय र स्थानीय सरकार समेतलाई जोड्ने गरी पूर्ण डिजिटल बनाउने; आयोजना प्रवेशका लागि पूर्व सम्भाव्यता अध्ययन र छानबिन (Pre Feasibility Study and Screening) अनिवार्य गरिने; प्राथमिकता निर्धारणका लागि जनसंख्या, प्रभाव, लागत, जोखिम आदि जस्ता बहुमापदण्ड मूल्याङ्कन प्रणाली-(Multi Criteria Evaluation System) को विकास तथा दोहोरो र कम प्राथमिकता भएका आयोजना हटाउने प्रणाली लाई पूर्ण रुपले कार्यान्वयनमा ल्याइनेछ।

३. **साना आयोजना कार्यान्वयन:**
आयोजना वैंकमा समावेश हुन योग्य नभएका तर अधुरा एवम् अत्यावस्यकीय आयोजनाहरु आवस्यकता र औचित्यका आधारमा कार्यान्वयन गर्नुपर्ने भएमा वित्तीय हस्तातरण मार्फत स्थानीय तहबाट कार्यान्वयन हुने व्यवस्था मिलाईनेछ। तर यस्ता आयोजनाहरू समन्धित स्थानीय तहको आयोजना बैंक मा समावेश भएको वा स्थानीय तहको सभावाट स्वीकृत भएको हुनु पर्ने व्यवस्था मिलाइनेछ।

४. **भू–आधारित र जोखिम–संवेदनशील योजना प्रणाली (GIS-Based Planning):**
कोशी प्रदेशको भौगोलिक विविधता र जोखिम (बाढी, पहिरो, डुबान) लाई ध्यानमा राखी GIS आधारित योजना प्रणाली लागू गर्न सबै आयोजना बैंकलाई GIS नक्साङ्क प्रणालीसँग जोड्ने; जोखिम क्षेत्र (Hazard Zones) अनुसार आयोजना प्राथमिकता निर्धारण; जलवायु, भू–उपयोग र जनसंख्या तथ्याङ्कको एकीकृत उपयोग तथा स्थानीय तहमा GIS आधारित योजना तर्जुमा क्षमता विकास लगायतका आधारभूत कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ।



उपाध्यक्ष

५. **अनुगमन, मूल्याङ्कन र कार्यसम्पादन सुधार प्रणाली (M&E Strengthening):**
योजना र आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन बलियो अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्न वास्तविकसमय -परियोजना अनुगमन ड्यासबोर्ड (Real-Time Project Monitoring Dashboard) स्थापना; आयोजना प्रगति अनुगमनका लागि डिजिटल रिपोर्टिङ प्रणाली (Digital Reporting System); कार्यसम्पादनका आधारमा बजेट पुनःविनियोजन (Performance-Based Budgeting) तथा स्वतन्त्र मूल्याङ्कन (Independent Evaluation) प्रणाली लागू गर्न प्राथमिकता दिइनेछ।

**४.५.७ प्रदेश सरकारको प्रशासनिक भवन निर्माण:**

कोशी प्रदेश सरकारको एकीकृत प्रशासनिक भवन नभएका कारण यस्को निर्माण तथा व्यवस्थापनका लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१. **जग्गा व्यवस्थापन तथा सार्वजनिक पूर्वाधार निर्माण सहकार्य:**
प्रदेश सरकारको प्रशासनिक भवन निर्माणका लागि आवश्यक जग्गा प्राप्तिमा स्थानीय तह, संघीय सरकार तथा सार्वजनिक निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ। आवश्यकता अनुसार जग्गा एकीकरण, विनिमय, खरिद वा उपयोग अधिकार प्राप्त गर्ने व्यवस्था मिलाइनेछ। साथै प्रशासनिक भवन निर्माण कार्यलाई लागत प्रभावकारी, दिगो र समयबद्ध बनाउन सार्वजनिक–निजी साझेदारी (PPP) लगायत वैकल्पिक वित्तीय तथा निर्माण मोडेलहरूको उपयोग गरिनेछ।

२. **प्रदेश सरकारको एकीकृत प्रशासनिक केन्द्र स्थापना तथा पूर्वाधार विकास:**
प्रदेश सरकारका मन्त्रालय, आयोग, निर्देशनालय तथा मातहतका कार्यालयहरूलाई चरणबद्ध रूपमा एकीकृत प्रशासनिक परिसरभित्र सञ्चालन गर्ने उद्देश्यले उपयुक्त स्थानमा आवश्यक जग्गा प्राप्ति, स्वामित्व व्यवस्थापन, विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी तथा आधुनिक, प्रविधिमैत्री, वातावरणमैत्री र अपाङ्गतामैत्री प्रशासनिक भवन निर्माण कार्य अघि बढाइनेछ। प्रशासनिक केन्द्रलाई सेवा प्रवाह, अभिलेख व्यवस्थापन, डिजिटल शासन तथा नागरिक पहुँचको दृष्टिले नमुना सरकारी केन्द्रका रूपमा विकास गरिनेछ।



उपाध्यक्ष